अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ४५ / २०८३ असार ५ गते शुक्रबार / नेपाल सम्वत ११४६ / June 19, 2026 / मूल्य रु. १०/-

## कांग्रेसभित्रको संकट गहिरिंदै

काठमाडौ । नेपाली कांग्रेसभित्रको विवाद तत्काल समाधान हुन सक्ने सम्भावना दिनप्रतिदिन कमजोर हुँदै गएको छ । कांग्रेसको सभापतिमा गत पुस ३० गते विशेष महाधिवेशनबाट गगन थापा निर्वाचित भएपनि पूर्व सभापति शेरबहादुर देउवा समूहले अहिलेसम्म थापालाई सभापतिमा स्वीकार गर्न सकेको छैन ।

सर्बोच्च अदालतले सभापति थापा पक्षलाई आधिकारिक रूपमा नेपाली कांग्रेसको मान्यता दिने निर्णय गरेपछि कांग्रेसभित्रको विवाद समाधान हुने विश्वास कांग्रेसजनहरूले गरेका भएपनि विवाद समाधान हुन सकेन । गत फागुन २१ गते सम्पन्न भएको संसदको निर्वाचनमा समेत कांग्रेस एकजुट भएर निर्वाचनमा जान नसकेको हुनाले कांग्रेस कमजोर अवस्थामा पुगेको छ । उसले प्रत्यक्ष तर्फ जम्मा १९ सिटमा मात्र विजय हाँसिल गरेको थियो ।

पछिल्लो समयमा थापा पक्ष र देउवा पक्षबीचमा गत पुषसम्ममा सदस्यता नविकरण गरेका सबैलाई असोज महिनामा हुने भनिएको

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## बालेन सरकारका मन्त्रीहरू के कानूनभन्दा माथि हुन् ?

### कानून बाहिर गएर अभिव्यक्ति दिने मन्त्रीहरूलाई तत्काल बर्खास्त गरेर कानूनी शासन कायम गर

देवेन्द्र चुडाल



काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा भण्डै दुई तिहाई मत ल्याएर रास्वपा संसदको सवैभन्दा ठुलो दल बन्न सफल भएको थियो । ठुलो दल भएकोले चैत्र १३ गते रास्वपाका वरिष्ठ नेता बालेन साहको नेतृत्वमा सरकार गठन भएको छ । पुराना भनिएका दलहरु नेपाली कांग्रेस, नेकपा एमाले, नेपाल कम्युनिष्ट पार्टी, श्रम संस्कृति पार्टी र राप्रपा सहितका ६ दल संसदमा उपस्थित रहेका भएपनि विपक्षी दलहरूको उपस्थिति कमजोर रहेकाले बालेन साह नेतृत्वको सरकारले विपक्षी दलहरूलाई पेलेरै अघि बढ्ने प्रयास जारी राखेको छ ।

लोकतान्त्रिक व्यवस्थामा संसदमा उपस्थित भएका दलहरूलाई सम्मान गर्दै उनीहरूका आवाजलाई कदर गर्दै सरकार जनताको हितको कार्यको लागि अघि बढ्नुपर्नेमा संसदमा त्यस्ता अवस्था देखिएको छैन । बहुमतको दम्भ देखाएर विपक्षी दलहरूले उठाएका आवाजलाई वेवास्ता गर्दे प्रधानमन्त्री साह नै संसदमा उपस्थित हुन चाहाँदैनन् । सांसदले सरकार सञ्चालन र कानूनको पालनामा सरकार चुकेको भन्दै त्यस विषयमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराउँदै आएका भएपनि सरकारका मन्त्रीहरु भने कानूनका धज्ज्जी उडाउँदै धम्कीको भाषा प्रयोग गरि लोकतन्त्र र लोकतान्त्रिक व्यवथाकै धज्जी उडाउँदै आएका छन् ।

रास्वपाभित्र पछिल्लो समयमा गुट उपगुटको जन्म भएको छ । रास्वपा सभापति रवि लामिछाने सरकारको कामकारबाही र मन्त्रीहरूको व्यवहारले गर्दा रक्षात्मक अवस्थामा पुगेका छन् । बालेन साह रास्वपामा प्रवेश गर्दा साहसँगै रहेका व्यक्तिहरु (जो साह काठमाडौ महानगरको मेयर हुँदा उनको सहयोगी रहेका) समेत साहसँगै रास्वपामा प्रवेश गरेका थिए । साहले नै उनीहरूलाई आफ्नो पक्षबाट निर्वाचनमा टिकट दिलाएका थिए भने उनीहरु निर्वाचनमा निर्वाचित समेत भएर अहिले मन्त्री पदमा आसिन रहेका छन् ।

पछिल्लो समयमा साह पक्षकै मन्त्रीहरु विवादको घेरामा परेका छन् भने सभापति लामिछाने पक्षका अर्थमन्त्री रहेका स्वर्णिम वाग्ले समेत करको दरमा संसदमा बजेट पेश गरिसकेपछि पनि हेरफेर गरेको आरोपमा मुछिएका छन् । अर्थमन्त्री वाग्लेले संसदमा करको दर हेरफेर गरेको आरोप विपक्षी सांसदहरूले लगाएपछि उनी आक्रोशित हुँदै प्रश्न उठाउने सांसदहरूलाई धम्कीको भाषा प्रयोग गरेर रोष्ट्रमबाटै विपक्षीहरूलाई तपाईहरूका काण्डपनि हामीहरूलाई थाहा छ र ती काण्डका

>>> बाँकी ८ पेजमा

## दशजगाको जमिनलाई मिचिएको मानिंदैन ?

काठमाडौ । लोकतान्त्रिक व्यवस्थामा जनता नै सर्वेसर्वा हुन् । जनताको सेवाका लागि मात्र सरकारको आवश्यकता हुन्छ । जनताभन्दा माथि सरकार र राजनीतिक दलहरु हुँदैनन् यो विश्वव्यापी सिद्धान्त हो । सरकार नभएपनि जनता हुन्छन् तर जनता नभएको खण्डमा सरकार हुँदैन । जनताको सेवा र देश विकासको लागि मात्र सरकारको आवश्यकता भएको हो । सरकारले जनताको सेवा र देश विकासलाई केन्द्रविन्दुमा राखेर अघि बढेको खण्डमा मात्र ऊ सफल हुन सक्छ ।

सरकार सफल हुनका लागि जनताको बोली सुन्ने जनताका पिरमर्कालाई समाधान गर्ने र ढिकासुस्ती, भ्रष्टाचार जस्ता जघन्य अपराधहरु हुन नदिने प्रतिवद्धता

>>> बाँकी ८ पेजमा

## रास्वपा ढ्याप ढ्याप पार्टीका रूपमा परिणात

काठमाडौ । बालेन साह सरकार गठन भएको १ सय दिनसम्म पुगेको छैन तर सरकारका मन्त्रीहरु विवादको घेरामा परेका छन् । गृहमन्त्री भएको २६ दिनमै राजिनामा दिन बाध्य भएका गृहमन्त्री गुरूङ अहिले उनलाई च्योख्याएर फेरी गृहमन्त्री बनाइएको छ भने अर्थमन्त्री स्वर्णिम वाग्ले करको दर हेरफेरका आरोप खेपिरहेका छन् । करका दर हेरफेर गरेको आरोप विपक्षी सांसदहरूले लगाएपछि उनले रोष्ट्रमबाटै तपाईहरूको पोल खोल्छु, फाइल खोल्छौं तपाईहरु पनि चोखो हुनुहुन्न हामीलाई थाहा छ भनेर विपक्षी दलका सांसदहरूलाई धम्क्याउने प्रयास सम्म गरिसकेका छन् ।

जेनजी आन्दोलनमा पानी बाँड्न आएको बताउने सुधन गुरूङ चर्चाको शिखरमा रहेका छन् । उनी कसरी रातारात आन्दोलनका नेता भए कसरी उनले रवि लामिछाने र बालेन साहलाई एकै ठाउँमा ल्याएर अनि

>>> बाँकी ८ पेजमा

## अमेरिका र इरानबीचको शान्ति सम्झौता



काठमाडौं । अमेरिका र इरानले मध्यपूर्व युद्ध अन्त्य गर्न शान्ति समझदारी पत्रमा हस्ताक्षर गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यही बुधबार पेरिसमा फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनसँगको भेटमा हस्ताक्षर गरेको अल जजीराले जनाएको छ ।

ट्रम्पले शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि

>>> बाँकी ८ पेजमा

## राहदानी खरिद प्रकरण : अख्तियारले जर्मन कम्पनीलाई बयानमा बोलायो




काठमाडौं । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विद्युतीय मेसिन रिडेबल पासपोर्ट (ई-पासपोर्ट) खरिद प्रकरणको अनुसन्धानका लागि जर्मनीको कम्पनीका आधिकारिक प्रतिनिधिहरूलाई बयानका लागि बोलाएको छ । आयोगले द राइजिङ नेपाल अंग्रेजी पत्रिकामा सार्वजनिक सूचना जारी गरी बयानका लागि उपस्थित हुन भनेको हो ।

अख्तियारले पासपोर्ट खरिदका दुई छुट्टाछुट्टै प्याकेजमा आबद्ध जर्मन कम्पनीहरु मुलबाउर र भेरिडोसका प्रतिनिधिलाई बोलाएको हो । पहिलो प्याकेज अन्तर्गत प्रि-एनरोलमेन्ट, एनरोलमेन्ट, डाटा म्यानेजमेन्ट र डेलिभरी सिस्टमका मुलबाउर आईडी सर्भिसेज कम्पनीले कम्पनीका प्रतिनिधि गेरहार्ड माउर र पाभ्ले राकिकले हस्ताक्षर गरेका थिए ।

यसैगरी दोस्रो प्याकेज अन्तर्गत क्वालिटी कन्ट्रोल र प्याकिङ सिस्टमका लागि भेरिडोस कम्पनीका प्रतिनिधि फेबियोला बेलरशेम र फ्लोरियन पास्क्लिनले हस्ताक्षर गरेका थिए । त्यसैले अख्तियारले यी हस्ताक्षरकर्ताको नाम-ठेगाना नै किटान गरी बयानमा उपस्थित हुन भनेको छ ।

उनीहरूलाई आयोगले टंगालस्थित केन्द्रीय कार्यालय वा भर्चुअल माध्यमबाट 'तोकिएको

>>> बाँकी ८ पेजमा

## बालेनका प्रियमन्त्री भन्छन्- ठेकेदारका खुट्टा भाँचिदिनुहोस्'



काठमाडौ । गत जेष्ठ ११ गते सुकुम्बासी बस्तीमा डोजर चलाएर प्रधान्त्री बालेन साहले आफ्नो विदाको बारलाई फेसबुकमा रमाइलोमा केन्द्रीत गरेका थिए । त्यसैगरी गत जेष्ठ ३० गते पनि उनी आफ्नै साथीको चिया पसलमा पुगेर चिया पिउन व्यस्त रहे । बालेन साहको नेतृत्वको सरकारमा रहेका र प्रधानमन्त्रीले देश विकासको लागि देश बनाउने टोलीमा समावेश गरेका मन्त्रीहरूले ठेकेदारको खुट्टा भाँचिदिने अराजक अभिव्यक्ति दिएका छन् । यस कारणले गर्दा पनि सरकारप्रति जनताको आक्रोश बढ्दै छ ।

प्रधानमन्त्री साहले २ मन्त्री सहितको तस्वीर राख्दै देश बनाउने टोली भनि फेसबेकमा पोष्ट गरेको पोष्टले सामाजिक सञ्जालमा बहस सिर्जना भएको छ । उक्त पोष्टका कारण राष्ट्रिय स्वतन्त्र पार्टीभित्र समेत असन्तुष्टि बढ्दै गएको मात्र छैन पार्टी नेतृत्वको भूमिका प्रति समेत गम्भीर प्रश्न उठ्न थालेको छ । प्रधानमन्त्री साहका विवादित निर्णय र अभिव्यक्तिका कारण संसदमा विपक्षी दलहरूको विरोध जारी रहँदा पार्टी सभापति रवि लामिछनेलाई रक्षात्मक अवस्थामा पुऱ्याएको छ । असार १ गते आइतबार प्रधानमन्त्री साहले दुईवटा स्टाटस लेखे तीन घण्टाको फरकमा । राति १० बजेर ५१ मिनेटमा एउटा पोष्ट भएको थियो भने अर्को दोस्रो पोष्ट पहिलाको प्रष्टोक्तिमा लेखिएको थियो । हप्ताभरी काम गरेर म विदाको दिन जिस्किन्छु यो समस्या होइन बालेनले लेखेका छन् 'त्यो दिन दुःख मान्नु

>>> बाँकी ८ पेजमा

## प्रधानमन्त्री बालेनका सामू सभापति निरिह

काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा भण्डै दुई तिहाई मत पाएको रास्वपा नेतृत्वको बालेन सरकार यतिबेला चर्चाको शिखरमा रहेको छ । रास्वपाका सभापति रवि लामिछानेले हालै सम्पन्न गरेको भारत भ्रमणका बारेमा एकमन्त्रीले दिएको अभिव्यक्ति चर्चित रहेको छ । सरकारका प्रवक्ता समेत रहेका शिक्षा मन्त्रीले पार्टी सभापति लामिछानेको भारत भ्रमणका सम्बन्धमा सरकारका कुनै चासो नरहेको बताएका थिए ।

रास्वपाभित्र यतिबेला अनेक चर्चा परिचर्चा सुरू भएको छ । गुटगत राजीतिक नगर्ने भन्ने रास्वपाको नीतिले हावा खाएको छ । जिल्ला सभापति र प्रदेश अध्यक्षहरूमा बालेन साह पक्ष र सभापति लामिछाने पक्ष गुटबीचमै निर्वाचन

>>> बाँकी ८ पेजमा

# The elements of hedging: Great power competition and Pakistan’s resource diplomacy

Muhammad Adeel Qureshi



On October 2, 2025, Pakistan entered the global critical minerals trade by dispatching its first consignment of enriched rare earth elements and critical minerals to the United States. This shipment followed the landmark $500 million framework agreement between the military-led Frontier Works Organisation (FWO) and Missouri-based U.S. Strategic Metals (USSM), signed on September 8, 2025, at the Prime Minister’s House in Islamabad. The deal indicates far more than a routine commercial trade agreement; it marks the operational opening of Pakistan’s resource diplomacy in an era of intense great power competition.

The backdrop of this agreement is the swelling “tech war” between Washington and Beijing. Due to strict export controls on critical raw minerals, the United States has sought to establish secure “China-plus-one” supply routes. The global scramble focuses tightly on elements key to modern technology and defense infrastructure, such as antimony for military munitions, and light rare earth elements (REEs) like neodymium and praseodymium, which are vital for permanent magnets used in electric vehicles and aerospace hardware. As Beijing currently holds a commanding global processing monopoly over mineral refining and chemical separation, Western capitals are forced to identify untapped critical reserves to decouple their supply lines.

Pakistan’s capacity to anchor itself within this global supply diversification depends on verified scientific baselines. In late 2025, the country unveiled its first ever National Rare Earth Element Map, a comprehensive geochemical survey covering approximately 360,000 square kilometers. Exploration within the Himalayan Fold-and-Thrust Belt mapped world-class concentrations, with peak anomalies reaching up to 1,403 mg/kg. The survey confirmed the existence of 12 out of 17 critical rare earth elements, demonstrating a massive structural wealth with independent valuations estimating roughly $6 trillion in untouched mineral value.

From an International Relations perspective, the monetization of this data reveals the core mechanics of a calculated hedging strategy. In traditional structural realism, small states are expected to choose a side or “bandwagon” during a superpower deadlock. Pakistan, however, is executing a strategy of double engagement. The geological data that mapped the country’s mineral wealth was largely compiled through bilateral scientific initiatives involving Chinese geological surveys. But the primary commercial vehicle selected to extract and process these targeted zones is a prominent U.S. defense-supply partner. By actively inviting western mining capital into its resource sector, Islamabad is practicing “dominance-denial” that is preventing any single superpower from maintaining absolute control over the country’s strategic geological assets.

This sophisticated multi-vector approach is channelled through the state-backed facilitation body of the Special Investment Facilitation Council (SIFC). By structuring agreements through a single window framework, Pakistan insulates these high-stakes global contracts from localized bureaucratic friction and external diplomatic pressure. SIFC sidesteps governance problems — it doesn't solve them. Pakistan’s deeper institutional weaknesses such as political instability, rule of law gaps and regulatory inconsistency remain. For the minerals strategy to outlast a single government cycle, these structural gaps cannot be permanently avoided.

To transition these initial symbolic shipments into a long-term engine for economic sovereignty, Pakistan must rapidly overcome the “refining trap”. For the refinery phase to happen, financing, domestic political will, technology and the security of the northern regions are all paramount. Remaining a raw ore exporter keeps Pakistan permanently at the bottom of the global value chain. The FWO-USSM deal includes a second phase: a poly-metallic refinery on Pakistani soil. This refinery would convert raw concentrates into high-purity oxides —moving Pakistan up the value chain. If this second phase doesn’t happen, Pakistan remains a “low-margin exporter of raw dirt”. The refinery phase is therefore not optional —it is the difference between strategic leverage and strategic dependency.

Codifying this framework requires the creation of an independent National Rare Earth Authority (NREA) to provide institutional predictability, while simultaneously leveraging CPEC 2.0 Special Economic Zones to anchor advanced regional processing hubs. If Islamabad can maintain this independent, strategically coherent foreign policy path, it can successfully transform its mountains from a site of regional vulnerability into an indispensable node of global energy and defense architecture. The geology is settled. The politics are not. That gap is where Pakistan’s mineral future will be decided.

# अर्थ मन्त्रालयले बढायो बजेट खर्चको संशोधित अनुमान

काठमाडौं । अर्थ मन्त्रालयले चालू आर्थिक वर्ष ०८२/८३ मा कुल बजेट खर्चको संशोधित अनुमान बढाएको छ । अर्धवार्षिक समीक्षामार्फत कुल बजेटको अनुमान संशोधन गर्दै १६ खर्ब ८८ अर्ब ३२ करोड खर्च हुने संशोधित अनुमान गरिएको थियो । तर, १५ जेठमा संसद्मा पेस गरिएको आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटको अनुसूचीमा संशोधित अनुमान आठ अर्बले बढाउँदै १६ खर्ब ९६ करोड ३२ लाख पुऱ्याएको हो ।

चालू आर्थिक वर्ष ०८२/८३ को ११ महिना बितेर एक महिना मात्रै बाँकी रहँदा सरकारले कुल बजेटको ६८.५६ प्रतिशत मात्रै खर्च गरेको छ । कुल १९ खर्ब ६४ अर्ब ११ करोड रूपैयाँ बजेटमा १३ खर्ब ४६ अर्ब रूपैयाँ खर्च भएको हो । अर्धवार्षिक समीक्षामार्फत कायम गरिएको संशोधित अनुमान हेर्ने हो भने एक महिनामा सरकारले तीन खर्ब ४१ अर्ब ६७ करोड रूपैयाँ खर्च गर्नुपर्नेछ । तर, थप आठ अर्ब बढाएर खर्च गर्ने गरी महत्वाकांक्षी अनुमान संसद्मा पेस गरिएको छ ।

महालेखा नियन्त्रकको कार्यालयअनुसार १९ खर्ब ६४ अर्ब रूपैयाँको कुल बजेटमध्ये ६८.५६ प्रतिशत मात्रै खर्च भएको छ । अर्थात् १३ खर्ब ४६ अर्ब खर्च भएको हो । चालूतर्फ ७६.९१ प्रतिशत खर्च भएको छ । ११ खर्ब ८० अर्ब ९८ करोडको चालू बजेटमा नौ खर्ब आठ अर्ब खर्च भएको हो । त्यस्तै, पुँजीगततर्फ चार खर्ब सात अर्ब ८८ करोडको पुँजीगत बजेटमध्ये एक खर्ब ३२ अर्ब ६६ करोड खर्च भएको छ । अर्थात्, विनियोजनको ३२.५३ प्रतिशत खर्च भएको हो । गत आवको सोही अवधिमा ४०.६९ प्रतिशत पुँजीगत खर्च भएको थियो । वित्तीय व्यवस्था (ऋणको साँवा–ब्याज भुक्तानी)तर्फ तीन खर्ब पाँच अर्ब भुक्तानी भएको छ । यो कुल विनियोजनको ८१.४७ प्रतिशत हो ।

नेपालमा जेठ र असारमा पुँजीगततर्फको भुक्तानी बढी हुने भएकाले यसपालि पनि सोही क्रम दोहोरिएको अर्थ मन्त्रालयका प्रवक्ता अमृत लम्सालले जानकारी दिएका छन् । उनले भने, 'कुल पुँजीगत बजेटको ४०–४५ प्रतिशत भुक्तानी हुने गरेको छ । यसपालि त सम्बन्धित मन्त्रालयहरूलाई नै रकमान्तर गर्न पाउने अधिकार दिइएको छ । यसले पुँजीगत खर्च वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।'

यसपालि जेन–जी आन्दोलनपछिको सरकार परिवर्तन र पश्चिम एसिया तनावले बजेट कार्यान्वयन प्रभावित भएको उनले बताए । उनले भने, 'पश्चिम एसियामा जारी तनावले बटुमिनलगायतका निर्माण सामग्रीको आपूर्ति प्रभावित भएको थियो । चैत, वैशाख र जेठ नै निर्माणकार्यमा बिटुमिन प्रयोग हुने सिजन हो । यसले केही प्रभावित बनाएको छ । यद्यपि, संशोधित अनुमानअनुसार बजेट खर्च हुने अपेक्षा छ ।'

चालू आवको ११ महिनामा कुल लक्ष्यको ७३.०६ प्रतिशतको राजस्व संकलन भएको छ । यो वर्ष १४ खर्ब ८० अर्ब राजस्व उठाउने लक्ष्य लिइएकोमा १० खर्ब ८१ अर्ब संकलन भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा १० खर्ब १५ अर्ब राजस्व उठेको थियो । यसपालि उठेको कुल राजस्वमा कर राजस्व नौ खर्ब ८१ अर्ब संकलन भएको छ भने गैरकरतर्फ ९९ अर्ब ९६ करोड संकलन भएको छ ।

# भारतले निर्यातमा अवरोध गरेपछि ५३ चिया उद्योग बन्द

इलाम । नेपाली चिया निर्यातमा भारतले पटक–पटक विभिन्न बहानामा अवरोध गर्दा चिया किसान मर्कामा पर्दै आएका छन् । परीक्षणका नाममा भारतीय टी बोर्डले पुनः अवरोध गर्दा अहिले चिया निर्यातमा समस्या देखिएको छ ।

भारतीय चिया बोर्डले १ मेदेखि नयाँ मापदण्डको नाममा लागू गरेको 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिड्युर' (एसओपी)अन्तर्गत नेपालबाट निर्यात हुने चियाको गुणस्तर जाँच अनिवार्य गरेको छ । भारतको भन्सार र टी बोर्डले दोहोर परीक्षण गर्दै आएका छन् । परीक्षणको प्रतिवेदन आउन लामो समय लाग्ने भएका कारण भारत पठाएका चिया फिर्ता गर्नुपर्ने वा नष्ट गर्नुपर्ने अवस्था आएको चिया उद्योगीको गुनासो छ ।


इलामको सूर्योदय नगरपालिकामा रहेका ५३ चिया उद्योग आबद्ध सूर्योदय अर्थोडक्स टी प्रोड्युसर्स एसोसिएसनअन्तर्गतका उद्योग सोमबारबाट बन्द भएका छन् । यी उद्योगले किसानको चियाको पत्ती लिन छाडेको एसोसिएसनका अध्यक्ष डिल्ली श्रेष्ठले जानकारी दिए । लामो समय चिया निर्यात नहुँदा गोदाममा चिया राख्ने ठाउँ नै नभएको उनले बताए । करिब ११ लाख केजी चिया गोदाममै थन्किएको र अब किसानले उत्पादन गरेको हरियो चिया पत्ती लिन नसक्ने अवस्थामा पुगेको उनले बताए ।

१९ मेमा भारतको टी बोर्डले सूचना जारी गर्दै आन्तरिक खपत हुने चियालाई केही खुकुलो गरेको थियो । एसओपी संशोधन गरेपछि 'र्‍यान्डम' नमुना संकलन गरेर परीक्षण गर्ने गरी नयाँ नियम ल्याएको थियो । नेपालको पहाडी क्षेत्रमा अर्थोडक्स र तराई क्षेत्रमा सिटिसी चिया उत्पादन हुँदै आएका छन् । उत्पादन भएको ९५ प्रतिशत अर्थोडक्स चिया भारत नै निर्यात हुँदै आएको छ भने ५० प्रतिशत सिटिसी चिया भारत निर्यात हुन्छ । ५० प्रतिशत भने नेपालमै खपत हुँदै आएको छ ।

अहिले चिया उत्पादनको 'पिक आवर' हो । यही समयमा चिया निर्यातमा झमेला भएपछि उद्योगीले धमाधम उद्योग बन्द गर्न थालेका छन् । भारतमा गएको करिब तीन सय केजी चिया पनि कोलकाता र सिलिगुडीका गोदाममा थन्किएको उनले बताए । ती चियाको परीक्षणका लागि नमुना संकलन गर्न नै दश दिनभन्दा बढी लगाएको र भारतीय टी बोर्डले नमुना लगेको १५ दिनमा पनि परीक्षण प्रतिवेदन दिन नसकेको उनले बताए ।चिया निर्यातमा भारतले सधैं समस्या दिएको भन्दै दीर्घकालीन समाधान खोज्नुपर्ने उनले बताए । यसका लागि काठमाडौं पुगेर मन्त्रालय धाए पनि मन्त्रीहरूसँग भेट हुन नसकेको श्रेष्ठले बताए ।

नेपाल चिया उत्पादक संघका अध्यक्ष आदित्यराज पराजुलीले ४ असारबाट झापाका उद्योग पनि बन्द गरिने बताए । चिया तथा कफी विकास बोर्डका निर्देशक तथा प्रवक्ता दीपक खनालले चिया निर्यातमा देखिएको समस्याबारे जानकार भए पनि आधिकारिक निकायबाट जानकारी प्राप्त नभएको बताए ।

# राजनीति संसदमा, कूटनीति भूराजनीतिमा अड्कियो



• राजन कार्की
rajan2012karki@yahoo.com

विपक्षीले तीललाई पहाड बनाएर राजनीतिलाई संसदमा अड्काएका छन् । राजनीति अड्किएपछि कूटनीति भूराजनीतिमा अड्किएको छ । पक्ष विपक्ष मिले देशलाई बनाउने कुरामा विपक्षीले साथ दिएनन् । सत्तारूढ दललाई छिन्नभिन्न पार्न विपक्षी कम्मर कसेर लागेका छन् । कमजोर विपक्षीले शक्तिशाली सत्तारूढ दललाई तितरबितर पार्ने अनेक प्रयास गरिरहेका छन् । कुहिनाले पहाड फोर्छ कि पहाडले कुहिनो भाँच्छ ? जेनजी बिद्रोहले ल्याएको परिवर्तनलाई जनजीवनमा उतार्न सत्तारूढलाई फलामको च्यूरा चपाएजस्तै हुनथालेको छ । भाषणबाजमा पोख्त विपक्षीहरू काम गर्न आएकालाई पाइला पाइलामा अल्झाइरहेका छन् । छिर्की हानिरहेका छन् ।

नागरिक सर्वोच्चता राजनीतिक प्रणालीको जग हो । त्यो जगमा उभिएको छ सत्तापक्ष । तर प्रतिपक्षी सत्तापक्षलाई उखेल्न लागिपरेका छन् । कसले कसलाई उखेल्छ, कसले कसलाई विधिको शासनमा बाँध्छ ? समयले सत्तापक्ष र विपक्षीको परीक्षा लिन थालेको छ । तनाव विश्वभरि छ । तनाव नेपाललाई पनि छ । देशलाई कसरी सुरक्षित भूराजनीतिबाट बचाएर अघि बढ्ने भन्ने विषयमा अमेरिका भन्दा जेठो मुलुक नेपालमा राजनीतिज्ञहरूले सोच्नै सकेनन् ।

नेपालले आँप आयातमा रोक लगायो भनेर भारतले नेपालको चियालाई बोटमै, बजारमै, बाटोमै कुहाइदिन थालेको छ । नेपाल सरकार र बालेन सरकारवीच सद्भावको सम्बन्ध चुँडिएको छ । सीमा समस्या र प्रम बालेनले तत्काल विदेश भ्रमण गर्दिन भनेपछि भारतको मन कुढिएको हो, त्यसैले बालेन सरकारलाई पाठ पढाउन भारत अग्रसर भएको छ । यता चीनले नेपाललाई सुसम्बन्धको सन्देश परराष्ट्रमन्त्रीमार्फत दिइसकेको छ । यसैवीच चीनले भारत अथवा पश्चिमा जो कुनै मुलुकका लागि भनिसकेको छ- चीनलाई कमजोर नठान । हामी पहिलो गोली हान्दैनौं । जसले पहिलो गोली हान्छ, त्यसलाई दोस्रो गोली हान्न बाँकी नै राख्दैनौं ।

नेपालका लागि भारत र चीन उत्तिकै महत्वका छिमेकी हुन् । तर नेपालमा हाम्रो पनि चासो छ भनेर अमेरिका एमसीसी परियोजनामार्फत पसिसकेको छ । भारत अमेरिका र रूससँग उत्तिकै सम्बन्ध राखिरहेको छ । रूस पनि नेपालमा चुप लागेर बसेको छैन । रूसका सशक्त राजदूत नेपालमा कार्यभार सम्हालेर आइसकेका छन् । रूस, चीन, अमेरिका, भारत नेपालका लागि शक्तिशाली अर्थतन्त्र र अतासलाग्दा सामरिक शक्तिहरू हुन् । ती सबै शक्तिहरू भूराजनीतिक महाभारत बनेर नेपालमा उपस्थित छन् । शक्तिशालीहरूको प्रतिस्पर्धा देखिनु र मल्लयुद्ध गर्ने भूमि नेपाल बन्नु नेपालका लागि चुनौति र अवसर दुबै हुन् । नेपालले बुद्धिमत्तापूर्ण रणनीति लिएर अघि बढ्न सके ती शक्तिहरूको सानोतिनो सहयोगले नेपालको आर्थिक अवस्था नै बदलिन सक्छ तर रणनीति कमजोर बन्यो भने अभिषाप हुनजानेछ । यसकारण राजनीतिक संवाद, सहमति र सहकार्य अति जरूरी छ । तर सत्तारूढ र प्रतिपक्षीवीच जुनप्रकारको एकदोस्रालाई खुइल्योन प्रतिस्पर्धा सडक, संसदमा देखिएको छ, आएको राजनीतिक परिवर्तन नेपाल र नेपालीका लागि बरदान सावित हुनसक्ने सम्भाबना कमजोर बन्दै गएको देखिन्छ ।

शक्तिशाली मुलुकहरू एमसीसी, एसपीपी, बीआरआई लगायतका सञ्जाल, व्यापार र विज्ञान र नवप्रवर्तन-प्रविधिमा नेतृत्वदायी भूमिका बिस्तार गर्दै अगाडि बढेका छन् । नेपाल गाँस, बास, कपासमै अल्झिएको छ । उत्पादन छैन, निर्यात पनि छैन । परजीवी बनेर चाउरिनु परेको छ । राजनीतिक परिवर्तनसँगै आत्मनिर्भरताको परिवर्तनको जग बस्ला, राष्ट्रिय एकता र जनताको मुहारमा उज्यालो छाउला भन्ने विश्वास जेनजी आन्दोलनले जगायो, सरकार गठन र विपक्षीको असहयोग प्रताडनाले अँध्यारो पार्दै लगेको छ ।

अमेरिका रूस र चीनको गति रोक्न र तिनलाई कमजोर पार्न अग्रसर छ । रूस र चीनको बेग हिमाले डाँफेको जस्तो बढ्दै बढ्दैछ । यी तिनै मुलुकको सामरिक सामर्थ्य कसको कति हो भन्ने अनुमान गर्नै मुस्किल छ । यी शक्तिहरू स्वस्थ प्रतिस्पर्धाको कुरा गरिरहेका छन्, संवाद पनि गर्छन् र यिनीहरूबीच अतासलाग्दो मतभेद पनि देखिन्छ । भारत उदाउँदो शक्ति हो, जुन नेपालको १८८० किलोमिटर खुला सिमाना जोडिएको मुलुक हो । भारतको सहयोग र असहयोग दुबै नेपालका लागि भारका रूपमा हेरिन्छ । यसकारण नेपालको सन्तुलित नीति जरूरी छ । नेपालको राजनीति र कूटनीति दुबै क्षेत्रमा दुबै छिमेकी र शक्तिराष्ट्रसँग चुनौतिपूर्ण रहेको छ ।

चीन, अमेरिका र रूस कुन अभेद्य हो, यो उनीहरूबीचको सवाल हो । नेपालको सवाल अमेरिकाभन्दा जेठो भएर पनि सधैं अस्थिर, अराजक किन छ ? यो देशलाई कसरी सवार्ने, सपार्ने, यो सोच राजनीतिक क्षेत्रको महत्वमा परेन । नेपालको राजनीति लामो समयदेखि स्वार्थको चक्रव्यूहमा घुमिरह्यो । बल्ल तल्ल संविधान सडकमा पछारेर उदय भएको रास्वपाको सरकार छ, यो सरकारलाई सही मार्गमा लगेर सहयोग गरौं भन्ने पुराना दलहरूको दूरगामी विवेक नै देखिएन । जब विवेक हराउँछ, त्यतिबेला अनहोनी बढी हुन्छ । नेपालको राजनीतिले स्वत्व गुमाएर शत्रुनासको एकसूत्रीय एजेण्डा सडकदेखि संसदसम्म देखिनु बिडम्बना हो ।

शक्तिमुलुकहरू प्रभुत्व कायम राख्ने, बिस्तार गर्ने योजनामा छन्, नेपाल कसरी बाँच्ने, स्वराज बचाउने नाङ्गो तरवारको जोखिममा छ । यो जोखिमबाट बच्ने भनेको राष्ट्रिय एकताले नै हो । त्यो एकताका लागि पुराना दलहरूले नयाँलाई प्रेरित गर्नुपर्ने हो । नयाँका गल्तीलाई समातेर नयाँको टुपी उखेल्ने होइन, नयाँलाई सिकाउने जिम्मेवारी पनि पुरानाकै हो । त्यो जिम्मेवारीबाट पुरानाहरू चुकेका छन्, नयाँहरूले पनि पुरानासँग सिक्न चाहेको सीप देखाएका छैनन् ।

देशमा राजनीतिक अन्यौल बढेको छ, कूटनीतिक गल्तीहरु बढेका छन् ।

नेपालको शान्तिक्षेत्रको प्रस्ताव देश बचाउने प्रस्ताव थियो, जसलाई भारतको असहयोगले असफल पारिदियो । सार्क थियो, जसलाई भारतले नै मारिदियो । भारत, चीन, अमेरिका, रूस अथवा युरोपियनहरु आआफ्ना अभिष्ठ बोकेर आएका छन् । नेपालको अभिष्ठ छायाँमा पर्दै गएको छ । एक व्यक्ति अथवा एक पार्टीले देश बनाउन, बचाउन मुस्किल छ । नेपाललाई जुनसुकै प्रकारको सहयोग चाहिएको छ, सद्भाव नेपालको आवश्यकता हो । सबैभन्दा बढी राजनीतिक र कूटनीतिक सुझबुझले नेपालमाथि कसैले पनि सहकार्य र अहस्तक्षेपको प्राथमिकतामा राख्नुपर्छ भन्ने नेपालको रणनीति हुनैपर्छ । यसका लागि पनि नेपाली राजनीतिक एकता पहिलो शर्त हो ।

नेपालको भूराजनीतिको यथार्थ चित्रबारे प्रत्येक नेपालीमा चेत हाल्नैपर्छ । अझै गल्ती गर्ने र पुर्पुरामा हात राखेर पछुताउने समय छैन नेपालसँग । बौद्धिक समाज, थिङ्क टेंकहरूले अब पार्टीको होइन, देशको आवश्यकताको वकालत गर्नुपर्छ । नेपालको अस्तित्वको डुंगा विश्वशक्तिको समुद्रमा डोलायमान भइसकेको छ । असंलग्न नीति नेपालको धड्कन बनाएर नेपालले परिपक्व कूटनीतिक चाल चल्न सके यो समय नेपालका लागि सौभाग्यको समय हो भन्ने बुझ्नैपर्छ ।

नेपाल बफर स्टेट भन्ने एउटा विवाद जन्मेको छ । नेपाल 'बफर स्टेट' होइन । सन् १९२३ मा वर्तमान भारतमा शासन गर्ने बृटिस शासनले समेत नेपाललाई स्वतन्त्र राष्ट्र मान्यो । सन् १९५० को सन्धिले पनि नेपाल-भारत सार्वभौम राष्ट्र मानेको छ । १९५५ देखि नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र हो । यसकारण नेपाल बफ स्टेट होइन । निश्चय नै नेपाल भारत र चीनको चेपोमा छ । यसैले तरूल राष्ट्र भनिएको हो । यहीकारण नेपालले असंलग्नता अपनायो, पञ्चशीलको सिद्धान्त अंगीकार गर्‍यो, सन्तुलित सम्बन्ध नेपालको परराष्ट्रनीति मान्यो । वर्तमान सरकारले यो ऐतिहासिक यथार्थलाई कदापि भुल्नु हुँदैन ।

नेपालले भूराजनीतिको दबाबलाई झेल्नैपर्छ, त्यसमा अंश खोज्नुहुन्न । सबैसँग असंलग्नताको सम्बन्ध बिस्तार गरेर अवसर खोज्नुपर्छ । विश्वशक्ति अथवा छिमेकी राष्ट्रहरूसँग राष्ट्रिय सुरक्षा, देशको समृद्धि, व्यापार-बजार-लगानी-प्रविधि बिस्तार नेपालको प्राथमिकता हुनुपर्छ ।

२०६५ साल जेठ १५ गते अवैधानिक तरिकाले राजतन्त्र फालियो, २०७२ को संविधानमा हिन्दुराष्ट्र पन्छाएर धर्मनिरपेक्षता अंगीकार गरियो । यसको नतिजा शुभ हुनसकेन । संविधान नै फेल भयो, राजतन्त्र आज पनि देशको सबैभन्दा ठूलो राजनीतिक मुद्दा बनेर उभिएको छ । अहिले संविधान संशोधनको बहसपत्र तैयार हुँदैछ, त्यसमा सबै प्रकारका राजनीतिक मुद्दाहरूको निकास निस्कने गरी संविधान संशोधन हुनसक्यो भने देशका लागि परिवर्तनको फल हुनसक्छ । यसका साथै संवाद, सहमति र सहकार्य सुरू गरेर राजनीतिक रूपमा बिट मार्न सकियो भने नेपालको सुदूर भविष्य सुरक्षित राख्न सकिन्छ । यस विषयमा अहिले तँलाई पनि म जस्तै बनाइदिन्छु भन्ने विपक्षले समेत गम्भीर भएर सोच्नुपर्छ । किनकि देश रह्यो भने हिजोका पक्ष आज विपक्षमा छन्, आजका विपक्षी भोलि सत्तापक्षमा पुग्नसक्छन् । देश रहे राजनीति रहन्छ भन्ने सबैले बुझौं ।

प्रश्न बालेन साह ली क्वान यु बन्लान् कि रबर्ट मुगाबे ? यो होइन, प्रश्न राजनीतिक सहमति कायम हुन्छ कि हुन्न, देशले नयाँ राजमार्ग पाउला कि नपाउला भन्ने हो ।

सिंगापुरका पूर्वप्रधानमन्त्री ली क्वान युले सार्वजनिक आवास, महिला सशक्तीकरण, शिक्षा र औद्योगिकीकरणमा काम गरेर सिंगापुरलाई सम्पन्न बनाए । उनलाई बुद्धिजीवीहरूको ठूलो साथ दियो, त्यसमा उनको आँटले पनि काम गरेकै हो । नेपाल लीपथ वा दुर्गतिको मुगाबेपथ कता लाग्दैछ ? यसमा विपक्षीको कति ठूलो हात छ ? यो विषय गम्भीर छ । जनताको मनोविज्ञान विपरित हिड्नु भनेको पतनमार्ग हो । सबैमा हेक्का रहोस् ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# सबैको सहमतिमा मात्र संविधान संशोधन हुनुपर्दछ

प्रधानमन्त्री बालेन साह नेतृत्वको सरकारले गत चैत्र १६ गते आफ्नै सल्लाकार असिन साहको नेतृत्वमा संविधान संशोधनको बहसपत्र निर्माण गर्ने कार्यदल गठन गरेका छन्। उक्त कार्यदलले संविधान संशोधनका विविध पक्षमा छलफल गरिरहेको भएपनि केही प्रश्नहरू उठेका छन्। संविधान संशोधनको आवश्यकता र औचित्य के हो ? उक्त बहसपत्रको निर्माण सविधान संशोधनका एजेण्डा पहिचान गरी बृहत्तर बहस, छलफल गराउनु हो कि होइन ? यदि त्यसो हो भने त्यस्तो बहस कसरी गराइन्छ र सो बहसमा कस कसलाई सहभागि गराइन्छ त्यस्तो बहसबाट आउने परिणाम कस्तो हुन्छ ? यस्ता आधारभूत प्रश्नको उत्तर स्पष्ट जवाफ र सही दृष्टिकोण विना बनाइएको घोषणा बहसपत्र कस्तो होला ? यस्तो बहसपत्रले संविधान संशोधनमा कसरी भूमिका खेल्न सक्छ ? यस्ता धेरै प्रश्नहरूको कार्यदलले सम्पूर्ण सरोकारवालाहरूसँग छलफल गरि परामर्श लिन सक्नुपर्दछ।

संविधान संशोधनको बहसपत्र तयार गर्दा संविधान निर्माण गर्दा भएको निकै ठुला राजनीतिक रस्साकस्सीको पनि ख्याल गर्नुपर्ने हुन्छ। मूलत राज्यको शासकीय स्वरुप, संघीयता, निर्वाचन प्रणाली, धर्म निरपेक्षता वा धर्म सापेक्षता जस्ता सन्दर्भमा भएका शक्ति संघर्षलाई समेत ख्याल गर्नुपर्ने हुन्छ। त्यसबेला विभिन्न सहमतिका विचमा संविधान जारी गरिएको थियो। संविधान जारी गर्नु पहिला धर्म निरपेक्षता कि धर्म सापेक्षताका भन्ने विषयमा बहस नै भएन। संविधानसभाले जनताबाट ल्याएका सुझावलाई रद्दीको टोकरीमा फालेर मुलुकलाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरिएको थियो। मुलुकमा विभिन्न धर्मावलम्बीहरू भएपनि हिन्दु धर्मावलम्बीहरूको संख्या ९२ प्रतिशत भन्दा बढी रहेको र त्यसमा बौद्ध धर्मावलम्बीहरूको संख्या जोड्दा झण्डै ९५ प्रतिशत पुग्ने भएपनि जबरजस्ती रुपमा मुलुकलाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरियो। विश्वको एकमात्र हिन्दुराष्ट्र नेपाल रहेकोमा त्यसबेला प्रमुख दलहरूले हिन्दुराष्ट्र भनेको राजाको मात्र हो भन्ने अर्थ लगाएर ९२ प्रतिशत भन्दा बढी हिन्दु धर्मावलम्बीहरूको भावनामाथि खेलवाड गर्दै मुलुकलाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरेको इतिहास साँक्षी रहेको छ।

संविधान निर्माण गर्दा संविधानसभाले जनताको राय सुझाव लिएको थियो। मुलुकभरकै जनताको राय सुझावालाई त्यसबेलाको विवाद समाधानका सभापति रहेका बाबुराम भट्टराईले जनताबाट ल्याएका सुझावहरूका पोका खोल्दै नखोली मुलुकलाई धर्मै निरपेक्ष राष्ट्र घोषणा गरिने उद्घोष गरेका थिए। त्यसबेला जनताबाट ल्याएको सुझावहरू अहिले पनि संसद सचिवालयकै माताहतमा रहेकाले गर्दा अब संविधान संशोधनको बहसपत्र तयार गर्न गठन गरिएको असिम साह नेतृत्वको कार्यदलले ती सुझावहरूको अध्ययन गरी जनताको मतको कदर गर्नुपर्दछ। लोकतन्त्रमा जनता नै सर्वेसर्वा हुन् जनताभन्दा माथि नत सरकार हुन्छ नत संविधान नै हुन्छ। नत राजनीतिक दल नै हुन्छन्। संविधान जनताका लागि चाहिने हो। संविधानका लागि जनता चाहिने होइनन्। त्यसैले विगतको संविधानसभाले गरेको गल्ती सच्चाउँदै अब संविधान संशोधन गरी मुलुकलाई हिन्दुराष्ट्र कायम गरिनु उपयुक्त हुनेछ।

विगतमा राजनीतिक दलहरूले व्यवस्था परिवर्तनका लागि कठिन संघर्ष गरेका थिए। नेपाललाई अहिलेको अवस्थामा ल्याउने क्रममा राजनीतिक दलहरूले कठिनपूर्ण संघर्ष गरेपनि सत्तामा पुगेपछि उनीहरूले जनता र देशको लागि भन्दा पार्टीगत स्वार्थमा तल्लिन रहेर राज्य सञ्चालन गरेका हुनाले जनताले पटक पटक आन्दोलन गर्नुपरेको वास्तविकतालाई भुल्नु हुँदैन। जनताको शक्ति अजय रहेको छ। जनताले कहिल्यै हार्दैनन् भन्ने सिद्धान्त रहेको छ। त्यही कारणले गर्दा अब संविधान नै संशोधन गरेर संविधानमा नै व्यापक सुधार गरि जनताको हितमा संविधानलाई प्रयोग गर्न सक्ने वातावरण बनाउनु आवश्यक छ।

असिम शाह नेतृत्वको कार्यदलले तयार गर्ने बहसपत्र कुनै एक दलको स्वार्थपूर्ति गर्ने दस्तावेज हुनु हुँदैन। त्यस्तो बहसपत्रको व्यापक रुपमा छलफल र बहस गराएर सबै राजनीतिक दलहरूलाई समेत सहमतिमा लिएर संविधान संशोधनको लागि पूर्व प्रधानन्यायाधिश वा सर्बोच्च अदालतका पूर्व न्यायाधिशको अध्यक्षतामा ७ सदस्यीय संविधान संशोधन आयोग बनाइयो भने मात्र त्यसले सार्थकता पाउन सक्छ। संविधान संशोधनका लागि मात्र नभएर जनताका समस्याहरू समाधान गर्न सक्ने हुनुपर्दछ। पुराना भनिएका राजनीतिक दलहरूले विगतमा गरेको उनीहरूको योगदान र संघर्षलाई ध्यानमा राखेर कुनै एक वा दुई दल मिलेर मात्र संविधान संशोधन हुन सक्दैन। विभिन्न जातजाति, समुदाय र सबै धर्मावलम्बीले स्वीकार गर्न सक्ने संविधान निर्माण गरिएमात्र त्यसको औचित्य सावित हुन सक्छ भन्ने हामीले ठानेका छौं।

# चीनको प्रगति लागि अवसर बन्न सक्छ नेपाल

डा. डिबी कट्टेल

२१औँ शताब्दी विज्ञान, प्रविधि र नवप्रवर्तनको युग हो । कुनै पनि राष्ट्रको विकास अब केवल भौतिक पूर्वाधारमा मात्र सीमित रहने अवस्था छैन, बरू त्यो राष्ट्रले विज्ञान-प्रविधिसम्बन्धी नीति कस्तो बनाउँछ र अन्तर्राष्ट्रिय सहकार्य कति प्रभावकारी रूपमा अघि बढाउँछ भन्नेमा निर्भर हुन्छ ।

नेपालको उत्तरी छिमेकी राष्ट्र चीन आज विश्वकै अग्रणी वैज्ञानिक-प्राविधिक शक्तिका रूपमा उदाएको छ । त्यसैले, नेपाल-चीन सम्बन्धलाई केवल राजनीतिक वा परम्परागत कूटनीतिमा सीमित नराखी, विज्ञान कूटनीतिमार्फत राष्ट्रिय हितमा रूपान्तरण गर्नु आजको आवश्यकता बनेको छ ।

सन् २००९ मा म उच्च शिक्षाका लागि चीन आएको थिएँ, र चीन नै मेरो पहिलो विदेशयात्रा थियो । २००९ देखि २०२६ सम्मको १६ वर्षको अवधिमा चीनले विज्ञान र प्रविधिमा गरेको रूपान्तरण मैले प्रत्यक्ष अनुभव गरेको छु । सुपर कम्प्युटर, बुलेट ट्रेन, क्वान्टम सञ्चार, अन्तरिक्ष प्रविधि, नवीकरणीय ऊर्जा, कृत्रिम बुद्धिमत्ता र पूर्ण डिजिटाइजेसनजस्ता उपलब्धिले चीनलाई विश्वको दोस्रो ठुलो अर्थतन्त्र मात्र होइन, वैज्ञानिक अनुसन्धानको केन्द्रका रूपमा समेत स्थापित गरेको छ ।

चीनमा नगद प्रयोग विरलै हुने र सबै सेवा-सुविधा डिजिटल प्रणालीमा आधारित हुनु त्यहाँको तीव्र विकासको स्पष्ट संकेत हो । चीनको तीव्र समृद्धिका कारण विश्वभरका वैज्ञानिक र विद्यार्थीका लागि चीन आकर्षणको केन्द्र बनेको छ । तर, भौगोलिक रूपमा नजिक भए पनि नेपालले चीनको विकासबाट पर्याप्त लाभ लिन सकेको अवस्था छैन । नेपाल-चीनबिचको भौगोलिक निकटता, साझा पारिस्थितिक प्रणाली, विशेषतः उच्च हिमाली क्षेत्रको जलवायु अध्ययनमा सहकार्यको ठुलो सम्भावना रहेको छ । प्राकृतिक विपत् जोखिम न्यूनीकरणमा पनि द्विपक्षीय सहकार्य अत्यन्त उपयोगी हुन सक्छ ।

नेपाल र चीनबिच सहकार्यका पर्याप्त अवसर हुँदाहुँदै पनि नेपालको संस्थागत र प्रशासनिक कमजोरीका कारण अपेक्षित परिणाम हासिल हुन सकेको छैन । कूटनीतिक समन्वय, पूर्वाधार र संलग्नताका क्षेत्रमा नेपालको कमजोरी स्पष्ट देखिन्छ ।

उच्च हिमाली शृंखलाको जलवायु चरित्र, तापक्रम-उचाइ सम्बन्धजस्ता विषयमा गरिने संयुक्त अनुसन्धानले दुवै देशलाई जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । तिब्बती पठार क्षेत्र केवल क्षेत्रीय जलवायु प्रणालीका लागि मात्र होइन, विश्वव्यापी जलवायु सन्तुलनका लागि पनि निर्णायक भएकाले, यस क्षेत्रमा हुने सहकार्यले अर्बौं मानिसको जीवनरक्षामा मात्र होइन, दिगो विकासका लागि पनि ठुलो भूमिका खेल्दछ । चीनले तिब्बती पठार क्षेत्रको पर्यावरण संरक्षणमा हासिल गरेको उपलब्धि विश्वकै लागि महत्वपूर्ण योगदान हो । यसबाट हामीले हाम्रो हिमाली वातावरण संरक्षणमा प्रेरणा लिनुका साथै, सहकार्यका नयाँ पहल अघि बढाउन सक्छौँ । चीनमा उपलब्ध अत्याधुनिक प्रयोगशाला, उपकरण र विशेषज्ञतालाई सहकार्यमार्फत नेपालमा स्थानान्तरण गर्न सकिएमा, नेपालको विज्ञान-प्रविधि क्षेत्रले उल्लेखनीय फड्को मार्न सक्छ ।

नेपाल र चीनबिच विज्ञान तथा शिक्षाको क्षेत्रमा पछिल्लो एक दशकमा धेरै सकारात्मक र प्रभावकारी पहल भएका छन् । त्रिभुवन विश्वविद्यालयसहित नेपालका विभिन्न विश्वविद्यालय र चीनका अनुसन्धान संस्थानबिच भएका सम्झौताले दक्ष जनशक्ति उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् । चिनियाँ अनुसन्धान वृत्ति, प्राज्ञिक आदानप्रदान तथा छात्रवृत्ति कार्यक्रममार्फत नेपालीविज्ञ र विद्यार्थीले विश्वस्तरीय शिक्षा र अनुभव हासिल गरिरहेका छन् ।

चिनियाँ एकेडेमी अफ साइन्सेसजस्ता प्रतिष्ठित संस्थानमा नेपाली वैज्ञानिकले उच्च तहमा बसेर गरिरहेको अनुसन्धानले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको वैज्ञानिक छवि अझ उज्यालो बनाएको छ । यस्ता वैज्ञानिकले प्राप्त गरेका अनुभव, ज्ञान र अन्तर्राष्ट्रिय सञ्जाल राष्ट्रको विकासका लागि मूल्यवान् सम्पत्ति हुन्, जसको सदुपयोग राज्यले गर्नैपर्छ ।

यद्यपि, ठोस तथ्यांक उपलब्ध नभए पनि, चीनमा हाल अनुसन्धानरत तथा दक्षता हासिल गरी नेपाल फर्केका नेपाली वैज्ञानिकले हजारौँ उच्चस्तरीय अनुसन्धानपत्र विश्वका उत्कृष्ट जर्नलहरूमा प्रकाशित गरिसकेका छन् । तिनको व्यवस्थित तथ्यांक संकलन गरी अध्ययन गर्न सकेमा, नेपालको विज्ञान-प्रविधि विकास, पर्यावरण संरक्षण तथा नीति निर्माणका लागि अत्यन्तै आधारभूत र उपयोगी मार्गदर्शन प्राप्त हुन सक्छ ।

सहकार्यका पर्याप्त अवसर हुँदाहुँदै पनि नेपालको संस्थागत र प्रशासनिक कमजोरीका कारण अपेक्षित परिणाम प्राप्त हुन सकेको छैन । सुधार गर्नुपर्ने धेरै पक्ष छन्– विशेषतः कूटनीतिक समन्वय, पूर्वाधार र संलग्नताका क्षेत्रमा कमजोरी स्पष्ट देखिन्छ । कूटनीतिक कार्यशैलीमा समानता र निरन्तरता नदेखिनु, साझा दृष्टिकोणको अभाव हुनु र उच्चस्तरीय भ्रमण तथा मन्त्रीस्तरीय छलफल औपचारिकता र भेटघाटमै सीमित हुनु प्रमुख चुनौतीका रूपमा देखिने गरेका छन् । सम्झौता त हुन्छन्, तर तिनको कार्यान्वयन र प्रभावकारी 'फलोअप' गर्ने संयन्त्र कमजोर छ ।

अर्को समस्या, प्रत्येक उच्चस्तरीय भ्रमणमा नयाँ पहल खोज्ने, तर पुराना-राम्रा प्रयासको फलोअप नहुने प्रवृत्ति हो । कतिपय अवस्थामा नयाँ कार्यक्रम बनाउँदा पुरानै काम दोहोरिने गरेको देखिन्छ । कतिपय अवस्थामा कूटनीति पुरानै 'मोडालिटी'मा अड्किएको देखिन्छ । अहिलेको आवश्यकताअनुसार परिमार्जित, परिणाममुखी र आधुनिक कूटनीतिक कार्यशैली अनिवार्य भइसकेको छ ।

कूटनीतिक नियोगहरूको कार्यशैलीमा पनि व्यापक सुधार आवश्यक छ । वर्तमान आवश्यकताअनुसार दूतावासहरूको दक्षता, समन्वय क्षमता र प्राविधिक बुझाइ सुदृढ गर्नुपर्छ । विज्ञान कूटनीतिको विकास गर्दै, 'ट्र्याक टु कूटनीति'मा सहभागी विदेशस्थित नेपाली दक्ष जनशक्तिसँग समन्वय गरी राष्ट्रको विकासका लागि सक्रिय भूमिका खेलिनुपर्छ । विभिन्न शैक्षिक तथा प्राज्ञिक क्षेत्रमा भएका सम्झौताको एकीकृत सूचना प्रणाली नहुँदा, फरक-फरक संस्थाबाट उही प्रकृतिका कामका लागि पटक-पटक पहल वा सम्झौता हुने गरेको छ । यसले सम्बन्धित निकायमा सूचनाको अभाव रहेको स्पष्ट देखाउँछ । मन्त्रालय-मन्त्रालयबिच भएका सम्झौताको अवस्थाबारे पनि स्पष्ट जानकारी नहुँदा, धेरै अवसर सर्वसाधारण नेपालीको पहुँचभन्दा बाहिरै रहन्छन् । साथै, मन्त्रालयहरूको नाम र संरचना बारम्बार परिवर्तन हुँदा अपडेट र फलोअप नहुने प्रचलनले सम्झौताको वास्तविक स्थिति बुझ्न कठिन बनाएको छ । यी सबै सम्झौतालाई प्रभावकारी, पारदर्शी र प्रक्रियागत रूपमा व्यवस्थित बनाउनु अहिले अत्यावश्यक छ ।

तुलनात्मक रूपमा हेर्दा पाकिस्तानले उच्च शिक्षा र अनुसन्धानमा अपनाएको मोडालिटी नेपालका लागि उदाहरणीय बन्न सक्छ । मेरो अनुभवमा त्यहाँ सरकारी जागिरभन्दा विश्वविद्यालयमा काम गर्ने वातावरण अधिक आकर्षक देखिन्छ र विदेशमा रहेका दक्ष जनशक्तिलाई स्वदेश फर्काउन विशेष प्रोत्साहन तथा सुविधा प्रदान गरिन्छ । यसको अर्थ सरकारी जागिर अनाकर्षक हो भन्ने होइन, तर शैक्षिक तथा अनुसन्धान क्षेत्रलाई प्राथमिकता दिने नीति प्रभावकारी रूपमा लागू भएको देखिन्छ ।

विदेशका उच्चस्तरीय विश्वविद्यालयमा अध्ययन गर्ने अवसर पाएका वा अध्ययन गर्न चाहने विद्यार्थीलाई सरकारले आकर्षक छात्रवृत्ति उपलब्ध गराउँछ र उच्च शिक्षा हासिल गरेका व्यक्तिहरूलाई पाकिस्तानका स्तरीय विश्वविद्यालयहरूले पनि आकर्षित गर्छन् । प्रायः उनीहरु उच्चस्तरीय अध्ययन सकेपछि स्वदेश फर्किएको मैले अनुभव गरेको छु । नेपालले पनि यस्तै प्रकारको आकर्षक वातावरण र कार्यगत संरचना निर्माण गर्न सक्छ ।

मुलुकको विज्ञान तथा प्रविधि विकासका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) एक महत्वपूर्ण संस्थागत आधार हो । तर, अहिले नास्ट लगभग गतिहीन अवस्थामा देखिन्छ । नास्टलाई पुरानो ढर्राबाट मुक्त गरी पुनर्संरचना गर्नु आजको आवश्यकता हो । स्वायत्त संस्था हुँदाहुँदै पनि यसले विज्ञान-प्रविधिको विकासमा अपेक्षित सक्रियता देखाउन सकेको छैन । यसले अन्तर्राष्ट्रिय अनुसन्धान संस्थाहरूसँग सिधा सहकार्य विस्तार, आर्थिक स्रोत परिचालन र नयाँ मोडेल विकास गर्ने क्षमता राख्नुपर्छ ।

चिनियाँ एकेडेमी अफ साइन्सेसजस्ता प्रतिष्ठित संस्थासँग नास्टको पुरानो सम्बन्ध रहे पनि ती सम्झौता कार्यान्वयनमा रूपान्तरण हुन सकेका छैनन् । चिनियाँ एकेडेमी अफ साइन्सेस अहिले विश्वकै शीर्ष तीन वैज्ञानिक संस्थानमध्ये एक हो । नेपालले चीनसँगको विज्ञान-प्रविधि सहकार्यलाई प्रभावकारी बनाउन नास्टलाई पुनर्संरचना गरी, चिनियाँ वैज्ञानिक संस्थाहरूसँग भएका सम्झौतालाई पुनर्जीवित गर्दै अघि बढाउनु आवश्यक छ ।

साथै, विदेशस्थित नेपाली दूतावासहरूमा विज्ञान कूटनीति बुझ्ने विज्ञहरूको प्रतिनिधित्व सुनिश्चित गर्दै, सबै सम्झौताको रेकर्ड र समन्वय गर्ने एकीकृत प्रणाली विकास गर्नुपर्छ । दूतावासले केवल राजनीतिक रिपोर्टिङमा सीमित नभई, नेपाली वैज्ञानिक र अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्रबिच पुलको भूमिका खेल्नुपर्छ ।

विकासका लागि केवल भवन र सडक मात्र पर्याप्त हुँदैनन्, पूर्वाधार, नीतिनियम, लगानी, सुशासन, नेतृत्वको भिजन र अनुशासन एकीकृत रूपमा अघि बढ्नुपर्छ । विज्ञान-प्रविधि क्षेत्रमा भएका सबै सम्झौता र अनुसन्धानको एकीकृत रेकर्ड प्रणाली विकास गर्न सकेमा, कामको दोहोरोपन रोक्न र प्रभावकारिता बढाउन मद्दत पुग्छ । अर्को कुरा, विभिन्न शैक्षिक तथा प्राज्ञिक क्षेत्रमा धेरै सम्झौता भएका छन् र काम पनि प्रशस्त छन्, तर समन्वयको अभावका कारण सूचनाको शून्यता देखिन्छ । यसले दोहोरिने सम्झौता र अव्यवस्थित कार्यशैलीलाई बढावा दिएको छ । कतिपयले 'मैले नै काम गरेको हो' भनेर श्रेय लिने प्रवृत्ति देखिन्छ, तर वास्तविकतामा हाम्रै कमजोरीले धेरै समस्या उत्पन्न भएका छन् । त्यसैले समन्वित ढंग र एकीकृत प्रणालीमार्फत अघि बढ्नु अत्यावश्यक छ ।

चीन अहिले एसियाको मात्र नभई विश्वकै भविष्य-निर्माण गर्ने शक्तिका रूपमा उदाइरहेको छ । छिमेकी राष्ट्रका नाताले उसले विज्ञानमा गरेको प्रगतिबाट लाभ लिनु नेपालका लागि बुद्धिमानीपूर्ण कदम हुनेछ । यदि हामीले हाम्रो संस्थागत प्रणाली सुधार गर्न सक्यौँ भने र चीनजस्तो राष्ट्रसँग सहकार्य गर्न सक्यौँ भने विज्ञान र प्रविधिको माध्यमबाट पनि मुलुकको रूपान्तरण सम्भव छ ।

यसैबिच, यो लेख तयार गर्दैगर्दा नेपालका परराष्ट्रमन्त्री शिशिर खनाल चिनियाँ समकक्षी वाङ यीको निमन्त्रणमा चारदिने औपचारिक भ्रमणमा चीन आइपुग्नुभएको छ । यो भ्रमण विगतका भ्रमणजस्तै औपचारिकतामा मात्र सीमित नरही सामान्य शिष्टाचार भ्रमणबाट माथि उठ्न सक्नुपर्छ । नेपाल र चीनबिचको ऐतिहासिक सम्बन्धको जगमा द्विपक्षीय हितका नयाँनयाँ आधार पहिल्याएर उच्चस्तरीय चिनियाँ विकासबाट नेपालले लाभ लिन सक्ने गरी सहमति हुन सक्यो र विगतका सहमति र सम्झौता कार्यान्वयनको पहल अघि बढाइयो भने त्यसबाट नेपालको दीर्घकालीन हित हुने र परराष्ट्रमन्त्री खनालको यो भ्रमण सफल हुने निश्चित छ । *–नयाँ पत्रिका*

# कस्तो रहला रास्वपाको भारत नीति ?

लोकराज बराल


नेपाल-भारत सम्बन्ध यतिखेर चर्चामा छ । तर यसबखत चर्चाको प्रकृति भने पहिलेको भन्दा भिन्न छ । पात्र र परिवेश भिन्न भएकाले पुराना ढर्रा वा शैलीमा केही नयाँपन देखिनु स्वाभाविक हो । भोलिका दिनमा दुईपक्षीय सम्बन्ध यस्तै गरी चल्ने हो वा पुरानै परिपाटीमा फर्किने हो, भन्न सकिन्न । केचाहिँ भन्न सकिन्छ भने जतिसुकै परिवर्तन भए पनि सारमा नेपाल-भारत सम्बन्ध स्थायी छ तर आफ्ना स्वार्थ र नयाँ राष्ट्रवादी छवि निर्माण गर्नका लागि पात्रका शैली र बोलीमा भने फरक देखिएको छ । २००७ सालपछिका राजा तथा धेरैजसो निर्वाचित प्रधानमन्त्रीले लोकप्रिय हुने महत्त्वाकांक्षा राखेर भारतविरोधी रणनीति अवलम्बन गर्ने गरेको पाइन्छ । आफ्नो व्यवस्था बचाउन (शाहीतन्त्र) वा २०४६ पछि चुनाव जित्न परराष्ट्र नीतिकै राजनीतीकरण गरिन्थ्यो । व्यक्तिगत महत्त्वाकांक्षा र राष्ट्रिय स्वार्थ मिसाउँदा धेरैलाई दुईको भेद छुट्याउन अप्ठ्यारो पर्थ्यो । २०१७ मा सेनाको बलमा राजा महेन्द्रले 'कू' मार्फत लादेको निर्दलीय व्यवस्था टिकाउन परराष्ट्र नीतिलाई नयाँ आवरण दिएका थिए । त्यतिखेर भारत र चीनको द्वन्द्वले भूराजनीतिक तनाव बढ्दा राजाले एकतन्त्रीय शासनलाई पञ्चायतको जामा लगाई स्थायित्वका लागि अन्य शक्ति राष्ट्रहरूको सहयोग प्राप्त गर्न धेरै प्रयास गरेका थिए । चीनलाई भारतको प्रतिकार गर्ने शक्तिका रूपमा लिने वातावरणले शाहीतन्त्र कायम हुन सकेको हो ।

राजनीतिक सन्तुलनको नकारात्मक प्रयोग यसरी पछिल्लो सत्ता परिवर्तनसम्म आएको हो । खड्गप्रसाद शर्मा ओलीले महाकाली सन्धि संसद्बाट अनुमोदन गराउन सक्रिय भूमिका खेलेका थिए, तिनै ओली पछि भारतका लागि घोच्ने काँडा जस्तो बने । अहिले पनि उनी आफ्नो पतनमा बाहिरकै भूमिका भएको धारणा राखिरहेका छन् । त्यसैअनुसार भदौको जेन-जी विद्रोहलाई बाहिरबाट सञ्चालन गरिएको र आफ्नो सरकार ढालिएको ठान्दै विचार प्रवाह गरिरहेका हुन्छन् ।

जेन-जी विद्रोह व्यवस्था परिवर्तनका लागि नभएर सरकार र पुराना दलप्रतिको आक्रोश थियो । तर अराजक परिस्थितिका बीचमा भूतपूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गरिएको थियो, जुन संसद्भन्दा बाहिरबाट बनाइएको थियो । यसलाई आवश्यकताको सिद्धान्तको उपजका रूपमा लिएको थियो । यसले ६ महिनामा आमनिर्वाचन गरी चुनिएका प्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धताअनुसार फागुन २०८२ मा सफतापूर्वक चुनाव सम्पन्न गऱ्यो । यसै चुनावबाट रास्वपाले प्रतिनिधिसभामा करिब दुईतिहाइ सिट जित्यो र पार्टीका वरिष्ठ नेता वालेन्द्र (बालेन) शाह प्रधानमन्त्री बने । यसक्रममा स्थापित पुराना दलहरू चुनावी हुण्डरीले बढारिए । नेपाली राजनीतिमा चार वर्षअघि गठन भएको रास्वपा बलियो दलका रूपमा स्थापित भयो ।

रास्वपा सरकारको निर्माण र शैली विचित्रको छ । आफ्नो लोकप्रियताले नै रविलाई दल बनाउने हौसला मिलेको थियो । वालेन्द्र शाहको प्रवेश भने फागुनको चुनाव हुने तय भएपछि मात्रै भएको हो । उनको लोकप्रियताको उपयोग गर्न रविले प्रधानमन्त्री प्रस्ताव गरेका थिए । आफूमाथि अप्ठ्यारा मुद्दा परेकाले पनि रविले आफू प्रधानमन्त्री बन्ने लोभ राखेनन् । संयोगवश चुनावी राजनीतिमा पासा पल्टियो र बालेन शाह प्रधानमन्त्री भए । तर बालेनको लोकप्रियता राजनीतिले भएको होइन, संगीत (ऱ्याप) ले हो । उनको स्वच्छ छवि हालसम्म कायम छ तर राजनीति र कूटनीतिमा बालेन अपरिपक्व देखिन्छन् । उनी संसदीय व्यवस्थाको नेता भएकाले प्रक्रिया र जवाफदेहितामा कमजोर साबित भएका छन् । राष्ट्रपतिले सरकारको नीति वाचन गरिरहँदा बीचैमा हिंडेको, परराष्ट्र मामिलाका कतिपय विषयमा आवश्यक गृहकार्यबिना बोल्दा अनावश्यक कुरा उठी सम्बन्ध सुधार्नुको साटो धमिल्याउने काम गरेको, मर्यादाक्रमको अडानले आवश्यक विदेशी प्रतिनिधिलाई पनि भेटघाट बन्द गरेको जस्ता तरिकाले नेपाललाई हानि गर्ने सम्भावना बढ्न सक्ने शंका व्यक्त हुन थालेको पाइन्छ ।

नेपाल-भारत सम्बन्धका सन्दर्भमा रास्वपा सभापति लामिछाने बढी परिपक्व देखिन्छन् । उनी पहिले प्रखर टेलिभिजन प्रस्तोता (यांकर) थिए र आकर्षक शैली



र जनसरोकारका विषयको उठानले उनलाई लोकप्रिय बनाएको थियो । लामिछानेको कुनै अर्को पृष्ठभूमि थिएन, जसरी अरू दलका नेता जेल, नेल, हत्कडी खेप्दै आएका हुन्थे । त्यतिखेरको लडाइँ सामन्ती अधिनायकवादका विरोधमा हुन्थ्यो । सिद्धान्तनिष्ठ कार्यकर्ताले आफ्नो अमूल्य जीवन समर्पण गरेका हुन्थे । तर राजनीतिक उद्देश्य प्राप्त गरेपछि ती सबैजसोको जीवनशैलीमा बुर्जुवाकरण भयो । उनीहरूलाई सत्ता र धनको लोभले छोप्यो । राजनीतिलाई व्यापारीकरण गरियो, नक्कली पुँजीवादको बिगबिगीले राजनीति नै बिटुलियो । परिणामतः जनताको घोर निराशा र आक्रोशको बलमा उठेको जेन-जी आन्दोलनले उनीहरू विस्थापित भए । संयोगवश र जेन-जी युवाको लोकतन्त्रप्रतिको समर्पणले अधिनायकवादतिर मुलुकउन्मुख भएन । लोकतन्त्रले नै बाटो समायो ।

दक्षिण एसियाका अन्य दुई देश श्रीलंका र बंगलादेशमा विद्रोहले सत्ता परिवर्तन गरे पनि स्थापित लोकतन्त्र मास्ने काम भएन । सेनाले पनि 'कू' गरी आफैंले शासन चलाउने परिवेश बनेन । जेन-जी आन्दोलनको 'बाइप्रोडक्ट' भए पनि सही अर्थमा यो जेन-जीले बनाएको सरकार भने होइन । तर, युवाको बाहुल्य भएकाले होइन भन्न पनि मिलेन । सत्ता परिवर्तन भएपछि पुराना भनिएका दलका नेताप्रतिको वितृष्णा र आक्रोशका आधारमा गरिएको मतदानको परिणामले सत्तामा पुऱ्याएको भने हो । जनलहरका बलमा बनेको सरकार, जसको नेतृत्वमा सबै युवा छन्, उनीहरूप्रति जनता आशावादी छन् ।

यस राजनीतिक पृष्ठभूमिमा नेपालको छिमेकी नीति कस्तो होला भन्ने जिज्ञासा हुनु स्वाभाविकै हो । त्यसमा पनि भारत अति नजिकको छिमेकी हो । नेपाल भूराजनीतिक दृष्टिले महत्त्व राख्ने देश हो । यसर्थ, नेपालको विदेश नीतिको मापदण्ड नै भारत र चीन नीति मानिन्छ । तेस्रो महत्त्वपूर्ण राष्ट्र संयुक्त राज्य अमेरिकालाई मानिन्छ । किनभने अमेरिकाको हात चारैतिर फैलिएको छ र उसको विभिन्न किसिमका सहयोग चाहिन्छ ।

बालेन सरकारको परराष्ट्र नीतिको प्रस्ट मार्गचित्र आएको छैन । रास्वपाको घोषणापत्रमा विकासमूलक कूटनीति र तटस्थ परराष्ट्र नीति भनिएकोबाहेक अरू व्याख्या पाइएको छैन । रवि लामेछानेले भारत भ्रमणकालमा बोलेको र लेखेको विषयमा भने रास्वपा सरकारको भारत नीति प्रस्ट पारिएको र विकास नै परराष्ट्र नीतिको आधार मानिएको छ । ऐतिहासिक राजनीतिक भारी बोकेर अब नहिंड्ने, विकासमा साझेदारीका एजेन्डा समाई अघि बढ्ने विषय लामिछानेको लेख र भेटमा उल्लेख गरिएको छ । त्यसैले नकारात्मक राष्ट्रवादको घेराबाट निस्किएर देश विकासमा समर्पण हुने ध्येयको भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सराहना गरेका छन् । वास्तवमा नेपालको छिमेकी नीतिमा तथाकथित बाँच्ने रणनीति (स्ट्राटेजी फर सरभाइबल) भन्ने मानसिकता र सधैंको डरबाट मुक्ति पाउने अठोट चाहिएको छ । देश विकास नै सही राष्ट्रियताको निर्माण हो भन्ने विश्वास राख्दा मात्रै स्थिरता र आत्मविश्वास बढ्छ । यदि राजनीतीकरण नगरिएको परराष्ट्र नीति अवलम्बन गरियो भने नेपालको अस्तित्व रक्षा स्वतः हुन्छ ।

नेपाल-भारत सम्बन्धलाई विभिन्न तहमा हेर्न सकिन्छ । पहिलो तह जनस्तरमा आधारित छ, जसमा स-साना समस्या र तिनले खडा गर्ने अवस्थाको राम्रो विश्लेषण हुनुपर्छ । यसमा सीमानाका आउजाउ, सर्वसाधारणले सामान्य घरायसी उपभोगका सामान सीमा पारिको भारतीय बजारबाट निर्बाध रूपमा ल्याउने परम्परा र अनेक दैनिक रूपमा भोग्ने समस्या छन् । अर्को तह रोजगारीको छ । नेपाल-भारतबीचको सन् १९५० को सन्धिले दुवै देशका जनतालाई समान व्यवहार गर्ने भनेको छ । दुवै देशका जनताले रोजगारको अवसर पाउने भए पनि व्यवहारमा यसको व्यवस्थापन गर्ने सिलसिलामा समय समयमा विवाद पनि बढेको पाइन्छ । समयसापेक्ष निर्णयमा पुगी जनसंख्या सन्तुलित राख्नुपर्ने बाध्यता नेपाललाई छ । किनभने नेपालको भूभाग र जनसंख्याको आकार फरक भएकाले समस्या बढ्न सक्छ ।


प्रस्ट तथ्यांक तयार गर्न नसकिएको भए पनि धेरै संख्यामा नेपालीले भारतमा रोजगार पाइरहेका छन् । त्यसैले नेपालका लागि यसलाई एक सुरक्षा निकास (सेफ्टी भल्ब) मानिएको छ । त्यस्तै आज तीस-चालीस लाख युवा अन्य देशमा काम गरी जीविकोपार्जन गरिरहेका छन् । तर बदलिँदो विश्व परिस्थिति भने प्रतिकूल हुन थाल्दा ती नेपालीको अवस्था के होला कसैले भन्न सक्दैनन् ।

नेपाल-भारत सम्बन्धको तेस्रो तह हो- नीतिगत र रणनीतिक विभेद । एक-अर्काका शंका र नीतिमा कठोरपन देखिँदा समस्या जस्ताका तस्तै छन् । महाकाली सन्धि गरेको ३० वर्ष पुगिसकेको छ । बेलाबखतमा दुवै देशका प्रधानमन्त्रीहरूको कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्ने भए पनि यसको विस्तृत परियोजना रिपोर्टसम्म बन्न सकेको छैन । पानीको बाँडफाँटमा सहमति हुन नसकेको हो भने हल गर्ने उपाय किन निस्किएन ? के रास्वपा र मोदी सरकारले उनीहरूले भने जस्तो सहकार्यको माध्यमबाट हल निकाल्न सक्लान् ? त्यस्तै बाढीपीडित जनताका गुनासा छन्, जसको निदान बेलाबेलाका संयुक्त वक्तव्यमा उल्लेख गरिएका हुन्छन् तर कार्यान्वयन भने कहिल्यै हुँदैनन् । सीमाका स-साना अड्चन त सधैं आइरहन्छन् । ती समस्या हल गर्न स्थानीय निकायको सक्रियता बढाउने काम सुस्त हुन्छ । सिमाना अध्ययन गर्ने सिलसिलामा के पाइन्छ भने, संयन्त्र त बनेका छन् तर ती सक्रिय भने छैनन् । यस्ता अनेक स्थानीय समस्या छन्, जसको हल न त भारत सरकारले गर्न सक्छ, न त नेपालले । पूर्वी तराईका जिल्लाहरूमा वन हात्तीको समस्या भएको धेरै वर्ष भयो तर आजसम्म हात्तीका बथानले बाली नास्ने काम गरिरहेकै छन्, ज्यानमा खतरा थपिरहेकै छन् । झापाको पूर्वी भागमा हात्तीको समस्या झन् बढिरहेको छ । यस्ता समस्याको चाङ लागे पनि हल गर्न भने सजिलो छैन ।

नेपाल-भारतको सम्बन्धको अर्को मुख्य तह सीमा विवाद हो । खुला सिमानाका कारण स्थानीय तहमा समस्या आइरहन्छन् र यी सामान्य विषय हुन् । तर सुस्ता जस्तो विवाद किन यतिका वर्ष तन्काएको हो, बुझ्न गाह्रो छ । कालापानी, लिपुलेक र लिम्पियाधुरासम्मको भू-भागको विवाद भने जटिल प्रकृतिको छ । कालापानीसम्मको विषय सन् १९६२ ताका नै सरकारलाई थाहा भएको तर राजा महेन्द्रले भारतलाई अप्ठ्यारो परेका बेला यो विवाद नउठाएको विषय त्यतिबेलाका उच्चस्तरका कर्मचारीहरूले भन्दै आएका छन् । आज पश्चिम सिमानाको विषय दुवै पक्षको खास मुद्दा बनेकाले र त्यसको समाधान सजिलो नभएकाले यस्ता गहन विषयमा अडिई विकासका अरू काममा बाधा नपुऱ्याउने हालको सरकारको सोच अति व्यावहारिक र सकारात्मक छ । यस्ता खास मुद्दाभित्र सीमा विवाद र सुरक्षाका पक्ष पर्ने भएकाले भारत र वर्तमान नेपाल सरकारको उद्देश्य विकासमूलक सम्बन्ध विकास गर्ने देखिन्छ । ऐतिहासिक राजनीतिक भारी नबोक्ने भनेको अब परराष्ट्र नीतिलाई राजनीतीकरण नगरी नकारात्मक राष्ट्रवादबाट बचाई देश विकासमा सबै मित्रराष्ट्रहरूको सहयोग खोजेको अर्थ लगाउन सकिन्छ ।

जहाँसम्म नेपाल-भारत सम्बन्धमा आउने नयाँपन छ, त्यसभित्र सम्बन्धमा संरचनात्मक परिवर्तनको गुन्जाइस देखिँदैन । राजा महेन्द्रका पालादेखि अनेक कम्युनिस्ट सरकारले पनि यस्तो सुरक्षा संरचना बदल्ने जमर्को गरेनन् । तर कम्युनिस्ट नेताहरू र उनका भ्रातृ संस्थाहरूले असमान सन्धि खारेज गर भन्ने नारा लगाउन भने छाडेनन् । सन् १९५० को सन्धिमा सही गरेका दिनदेखि विवादित भए पनि यसलाई विस्थापित गर्न आँट गरेनन् । यो त्यति हलुको विषय पनि होइन, नेपालका हितका लागि । यसमा तलमाथि गर्दा 'प्यान्डोरा बक्स' (समस्याको बाढी) खुल्ने कुरा धेरैले भन्दै आएका छन् । त्यसैले परराष्ट्र नीति नारा र लोकप्रियवादले चल्न सक्दैन भन्ने सबैलै हेक्का राख्नै पर्छ ।

नेपाल-भारत सम्बन्धमा केही आस पलाएको छ तर यो कति स्थायी हुन्छ भन्नेचाहिँ पछिका दिनले मात्र देखाउलान् । तर रास्वपाको प्रारम्भिक सोच र थालनी सकारात्मक छन् । सभापति लामिछाने यस पटकको चुनावपछि अलिक बढी परिपक्व देखिएका छन्, जसको छाया उनको पार्टीको सरकारको परराष्ट्र नीतिमा पनि परेको छ । प्रधानमन्त्रीले बिगारेको छवि उनले सपार्ने वातावरण बनाएका छन् । भारत-नेपाल सम्बन्ध हेर्दा साधारण लागे पनि यो धेरै जटिल छ । यसलाई सधैं ठिक ठाउँमा राख्न त्यस्तै कला र कौशल चाहिन्छ । सबैभन्दा ठूलो विषय त समयसापेक्ष व्यावहारिक सोच र त्यसको कार्यान्वयन हो । - *कान्तिपुर*



# राष्ट्रियता, सीमाना र स्वाधीनताको रक्षा

**बंशीकुमार शर्मा**

राष्ट्रको निर्माण कुनै आकस्मिक प्रक्रिया होइन। देशका वीर सपुतहरूले दीर्घ संघर्ष, त्याग र बलिदानमार्फत राष्ट्रको भौगोलिक अस्तित्व सुरक्षित गरेका हुन्छन्। देश भन्नाले निश्चित भौगोलिक सीमाभित्र रहेको भूभाग, त्यहाँका जनता, संस्कृति, इतिहास तथा सार्वभौमसत्ताको समष्टिलाई बुझिन्छ। राष्ट्रको अस्तित्व केवल भूगोलमा सीमित हुँदैन, यो इतिहास, संस्कृति, सार्वभौमिकता र नागरिकको राष्ट्रिय चेतनासँग पनि जोडिएको हुन्छ। नेपाल विश्वका प्राचीन स्वतन्त्र राष्ट्रहरूमध्ये एक हो, नेपालले कहिल्यै औपनिवेशिक शासन भोग्नुपरेन। यही विशेषताले नेपालीहरूको राष्ट्रिय स्वाभिमानलाई बलियो बनाएको छ ।

नेपालको इतिहास अनेकौं स-साना राज्यमा विभाजित रहेको भूभागलाई एकीकरण गरी आधुनिक नेपालको निर्माण गरिएको हो । गोरखाका राजा पृथ्वीनारायण शाहले राष्ट्रिय एकीकरण अभियानको नेतृत्व गर्दै बाइसे-चौबिसे राज्यहरूलाई एकीकृत गरे। विक्रम संवत् १८२५ मा काठमाडौं उपत्यका विजय गरेपछि संवत् १८२६ मंसिर १ गते कान्तिपुरलाई राजधानी घोषणा गर्दै राष्ट्रको नाम 'नेपाल' कायम गरिएको इतिहासमा उल्लेख छ। उनले गोरखा राज्यलाई विस्तार गर्नेभन्दा पनि विविध जाति, भाषा र संस्कृतिलाई एउटै राष्ट्रको सूत्रमा बाँध्ने लक्ष्य राखेको देखिन्छ ।

पृथ्वीनारायण शाहपछि राज्यलक्ष्मी देवी शाह र बहादुर शाहको नेतृत्वमा एकीकरण अभियान अझ विस्तार भयो। त्यस क्रममा नेपालको सीमा पूर्वमा सिक्किम राज्यको टिस्टा नदीदेखि पश्चिममा भारतको सतलज-काँगडा क्षेत्रसम्म फैलिएको थियो । उत्तरमा तिब्बत र दक्षिणमा गोरखपुर, बनारस तथा लखनऊसम्म नेपालको प्रभाव र नियन्त्रण पुगेको थियो ।

तर समयक्रममा सत्ता संघर्ष, आन्तरिक कलह र बाह्य दबाबका कारण नेपालको विशाल भूभाग क्रमशः खुम्चिँदै गयो। आज नेपाल पूर्वमा मेची र पश्चिममा महाकाली नदीसम्म सीमित भई करिब १,४७,१८१ वर्ग किलोमिटर क्षेत्रफलमा रहेको छ। यस भौगोलिक अखण्डताको रक्षा गर्नु सम्पूर्ण नेपालीको साझा दायित्व हो ।

विश्वका सबैभन्दा पुराना स्वतन्त्र राष्ट्रहरूमध्ये नेपाल पनि एक हो। स्थापना कालदेखि आजसम्म नेपाल कुनै विदेशी शक्तिको उपनिवेश बन्नुपरेको छैन । यही ऐतिहासिक विशेषताले नेपालीहरूको राष्ट्रिय स्वाभिमानलाई बलियो बनाएको छ ।

नेपालको एकीकरणको समयमा भारत विभिन्न साना राज्य र रजौटामा विभाजित थियो। त्यसै बेला ब्रिटिस ईस्ट इन्डिया कम्पनीले भारतका ती राज्यहरूलाई आफ्नो अधीनमा ल्याउँदै विस्तारवादी नीति अवलम्बन गरिरहेको थियो । नेपालसँग विभिन्न विषयमा विवाद र संघर्ष हुँदै गएपछि अन्ततः नेपाल-अंग्रेज युद्ध भयो । युद्धका क्रममा नेपालले ठूलो भूभाग गुमाउनुपऱ्यो ।

युद्धपश्चात् सन् १८१६ मा मकवानपुरको सुगौलीमा नेपाल र ब्रिटिस ईस्ट इन्डिया कम्पनीबीच सुगौली सन्धि सम्पन्न भयो । यो सन्धि नेपालको इतिहासमा अत्यन्त उल्लेख मानिन्छ, किनभने यसै सन्धिले नेपाल-ईष्ट इण्डिया बिच सीमाको आधार तय गरेको थियो। त्यसपछि सन्धिअनुसार नेपालको पश्चिमी सीमा महाकाली नदीलाई मानिएको थियो ।

ऐतिहासिक दस्तावेज, नक्सा तथा अभिलेखहरूले महाकाली नदीको वास्तविक उद्गमस्थल लिम्पियाधुरा भएको देखाउँछन् । सुगौली सन्धिपछि ब्रिटिस सरकारले सन् १८१६ देखि १८५६ सम्म प्रकाशित गरेका विभिन्न नक्साहरूमा कालापानी, लिपुलेक तथा लिम्पियाधुरा क्षेत्र नेपालकै भूभागका रूपमा उल्लेख गरिएको पाइन्छ । चिनियाँ सरकारले सन् १९०३ र १९२१ मा प्रकाशित गरेका नक्साहरूमा समेत नेपाल, भारत र चीनको त्रिदेशीय बिन्दु लिम्पियाधुरा रहेको देखाइएको छ ।

त्यसैगरी कुटी, नाभी र गुन्जी क्षेत्रका बासिन्दाहरूले नेपाली नागरिकका रूपमा कर तिरेको प्रमाण, जनगणनामा सहभागिता तथा २०१५ सालको आम निर्वाचनमा मतदान गरेको अभिलेख पनि उपलब्ध छन् । यी तथ्यहरूले लिम्पियाधुरा पूर्वको भूभाग नेपालको भएको ऐतिहासिक आधार प्रस्तुत गर्छन् ।

नेपाल सरकारले हाल लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई समेटेर नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी गरिसकेको छ । राष्ट्रियताको विषयमा सम्पूर्ण नेपाली एकमत देखिन्छन् । नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वाभिमानको संरक्षण सबैको साझा दायित्व हो ।

नेपाल र भारतबीच ऐतिहासिक, धार्मिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक सम्बन्ध अत्यन्त घनिष्ठ छ । 'रोटी-बेटी'को सम्बन्धले परिचित यी दुई देशबीच शताब्दीयौँदेखि पारस्परिक सम्पर्क रहँदै आएको छ। वैदिक कालदेखि आधुनिक समयसम्म दुवै देशका जनताबीच पारिवारिक, सांस्कृतिक र धार्मिक सम्बन्ध कायम छ ।

यद्यपि, सीमासम्बन्धी केही विवाद र असमझदारी समय-समयमा देखिने गरेका छन्। यस्ता विषयलाई भावनात्मक रूपमा होइन, ऐतिहासिक प्रमाण, कूटनीतिक संवाद र अन्तर्राष्ट्रिय मान्यताका आधारमा समाधान गर्नु आवश्यक छ । नेपालले आफ्नो दाबीलाई तथ्य र प्रमाणका आधारमा प्रस्तुत गर्दै आएको छ भने भारतले पनि छिमेकी राष्ट्रको सार्वभौमिकताको सम्मान गर्नुपर्छ ।

नेपाल र भारतबीचको मित्रता शान्ति, समानता, पारस्परिक सम्मान र सहअस्तित्वमा आधारित हुनुपर्छ । दुवै देशले संवाद र सहकार्यको माध्यमबाट साझा समस्याको समाधान खोज्न सक्ने पर्याप्त आधारहरू छन् ।

विश्वका अधिकांश राष्ट्रहरूको सीमाना निर्धारण हुनुभन्दा पहिल्यै नेपाल स्वतन्त्र राष्ट्रका रूपमा स्थापित भइसकेको थियो । इतिहासमा प्राचीन भारत र चीनसँगै नेपालको उल्लेख पाइन्छ । त्यसैले नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय अस्तित्वको सम्मान हुनु आवश्यक छ ।

नेपालीहरूको पहिलो दायित्व राष्ट्रको स्वाधीनता, स्वतन्त्रता र सीमाको रक्षा गर्नुछ हो । नेपाली जनता आफ्नो भूमि, राष्ट्रियता र स्वाभिमानको संरक्षण गर्न सक्षम छन् । राष्ट्रिय एकता, ऐतिहासिक चेतना र कूटनीतिक परिपक्वतामार्फत मात्र नेपालले आफ्नो राष्ट्रिय हितलाई सुरक्षित राख्न सक्छ ।

राष्ट्रियता कुनै नारामा सीमित हुँदैन; यो देशको सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय हितको संरक्षणमा प्रकट हुन्छ ।

नेपालले आफ्नो राष्ट्रिय हित र स्वाभिमानको रक्षा गर्दै छिमेकी राष्ट्रहरूसँग मैत्रीपूर्ण सम्बन्ध कायम राख्नुपर्छ । इतिहासले दिएको विरासत, वर्तमानको यथार्थ र भविष्यको जिम्मेवारीलाई आत्मसात् गर्दै राष्ट्रियता, सीमाना र स्वाधीनताको रक्षा गर्नु आज प्रत्येक नेपालीको प्रमुख कर्तव्य हो ।

# बंगलादेशमा थप २० मेगावाट विद्युत् निर्यात गर्न भारतले दिएन सहमति

भारतले सहमति नदिएपछि यही सिजनदेखि बंगलादेशमा थप २० मेगावाट विद्युत् निर्यात गर्ने योजना तत्काललाई रोकिएको छ । नेपाल विद्युत् प्राधिकरणले बंगलादेशमा नियमित रूपमा ४० मेगावाट नै विद्युत् निर्यात गर्न भने सुरू गरेको छ । प्राधिकरणले सोमबारदेखि भारतीय प्रसारणलाइन हुँदै बंगलादेशमा विद्युत् निर्यात गर्न सुरू गरेको हो । भारतको सहमति नआएका कारण थप २० मेगावाट विद्युत् निर्यात गर्न नसकिएको प्राधिकरणले जनाएको छ ।

भारतीय प्रसारणलाइन प्रयोग हुने भएका कारण यसमा भारतको सहमति अनिवार्य छ । प्राधिकरणले ३० कात्तिक ०८१ देखि बंगलादेशमा विद्युत् निर्यात गर्न सुरू गरेको हो । हरेक वर्ष १ असारदेखि ३० कात्तिकसम्म ४० मेगावाट विद्युत् बंगलादेशलाई बिक्री गर्ने सम्झौता गरिएको छ । सोही मोडेलमा थप २० मेगावाट विद्युत् निर्यात गर्ने सहमति गत मंसिरमा बंगलादेशमा सम्पन्न नेपाल-बंगलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको सातौँ बैठकमा भएको थियो । यो सिजनबाट यसलाई कार्यान्वयन गर्ने सहमति पनि थियो । तर, भारतले आफ्नो प्रसारणलाइनको क्षमताले नपुग्ने भन्दै २० मेगावाट विद्युत् थप गर्न मानेन ।

यो सहमति कार्यान्वयन गर्न नेपाल विद्युत् प्राधिकरण, भारतको एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन) र बंगलादेश पावर डिभलपमेन्ट बोर्डबिच भएको त्रिपक्षीय सम्झौता संशोधन गर्नुपर्छ । नेपालबाट बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्न १७ असोज ०८१ मा यी तीन निकायबिच सम्झौता भएको थियो । सोही सम्झौतालाई संशोधन गरेर विद्युत् निर्यातको मात्रा ४० मेगावाटबाट बढाएर ६० मेगावाट राख्नुपर्ने थियो । अन्य सर्तहरु पुरानै कायम हुने थिए ।

यद्यपि, त्यसका लागि पहिला नेपाल भारत संयुक्त ऊर्जा सचिवस्तरीय बैठकमा सहमति हुनुपर्ने थियो । तर, डेढ वर्षदेखि ऊर्जासचिवस्तरीय बैठक हुन सकेको छैन । त्यो अवस्थामा प्राधिकरणले एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)मार्फत भारतको केन्द्रीय विद्युत् प्राधिकरणलाई बंगलादेशमा थप २० मेगावाट विद्युत् निर्यात गर्ने अनुमति दिन प्रस्ताव गरेको थियो । तर, केन्द्रीय विद्युत् प्राधिकरणले भारत-बंगलादेश अन्तरदेशीय प्रसारणलाइनको क्षमताले नपुग्ने भन्दै २० मेगावाट विद्युत् थप गर्न नसक्ने जवाफ दिएको छ ।

भारत-बंगलादेश अन्तरदेशीय प्रसारणलाइनबाट एक हजार मेगावाटसम्म विद्युत् प्रवाह गर्न सकिन्छ । नेपालको ४० मेगावाट विद्युत् पनि सोहीभित्र पर्छ । यसबिचमा भारतले पनि बंगलादेशतर्फ निर्यात गर्ने बिजुलीको मात्रा बढाएको छ । त्यसले गर्दा थप २० मेगावाट विद्युत् निर्यातका लागि प्रसारणलाइनको क्षमताले नपुग्ने भारतीय पक्षको भनाइ छ ।

प्राधिकरणका प्रवक्ता राजन ढकालले बंगलादेशमा थप २० मेगावाट विद्युत् निर्यात गर्न नसकिएको बताए । 'बंगलादेशमा थप २० मेगावाट निर्यात गर्ने सहमति गत मंसिरको द्विपक्षीय बैठकमा भएको हो, जुन यही सिजनबाट कार्यान्वयनमा लैजाने भनिएको थियो । यसलाई कार्यान्वयन गर्न भारत पनि सहमत हुनुपर्ने थियो,' उनले भने, 'यसबिचमा भारतसँग संयुक्त ऊर्जा सचिवस्तरीय बैठक पनि बस्न सकेन । यसपालिलाई ४० मेगावाट विद्युत् नै निर्यात गर्न सुरू गरेका छौँ । थप २० मेगावाटको हकमा भने भारतसँग वार्ता गरेर अगाडि बढ्नेछौँ ।'

२० मेगावाट निर्यात थप हुँदा नेपाल विद्युत् प्राधिकरणलाई बंगलादेशबाट एक सिजन (पाँच महिनामा) मा थप ४७ लाख डलर आम्दानी हुने थियो । जुन बुधबारको विनिमयदरअनुसार झन्डै ७१ करोड रूपैयाँ हो । २० मेगावाट विद्युत् थप हुँदा पाँच महिनाको अवधिमा थप सात करोड ३४ लाख ४० हजार युनिट विद्युत् निर्यात हुने थियो । त्रिपक्षीय पिपिएमा नेपालले प्रति युनिट ६.४० अमेरिकी सेन्ट पाउनेछ, त्यसअनुसार २० मेगावाटले एक सिजनमा ४७ लाख डलर आम्दानी गर्ने थियो । पाँच महिनासम्म ४० मेगावाट विद्युत् निर्यात गर्दा नेपालले वार्षिक ९२ लाख १६ हजार डलर आम्दानी गर्छ । नयाँ सरकार बनेको झन्डै तीन महिना हुन लाग्दा पनि नेपाल-भारत ऊर्जासचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएसी)को १३औँ बैठक बस्न सकेको छैन । सन् २०१४ मा भएको नेपाल-भारत विद्युत् व्यापार सम्झौताको कार्यान्वयन पक्षलाई सहजीकरण, निर्देशन एवं यस सम्बन्धमा हुने प्रगतिको अनुगमन गर्न सचिवस्तरीय र सहसचिवस्तरीय कार्यदल गठन गरिएको छ ।

खेलकुद

# विश्वकपमा कोलम्बिया, घाना र इंग्ल्यान्डको जित

फिफा विश्वकप २०२६ अन्तर्गत बिहीबार बिहान भएको खेलमा कोलम्बिया, घाना र इंग्ल्यान्ड विजयी भएका छन् । कोलम्बियाले पहिलोपटक विश्वकप खेलिरहेको एसियाली मुलुक उज्वेकिस्तानलाई ३-१ ले हरायो । मेक्सिको सिटीमा कोलम्बियाको जितमा लुइस डिआज, डानियल मुनोज र जामिन्टन काम्पाजले समान एक गोल गरे । उज्वेकिस्तानका लागि अबोस्बेक फायजुलाइभले एक गोल फर्काएका हुन् । २२ वर्षीय खेलाडी ६१औँ मिनेटमा गोल गर्दै उज्वेकिस्तानलाई बराबरीमा ल्याएपछि डिआजले २-१ को अग्रता बनाएका थिए ।

अबोस्बेक उज्वेकिस्तानबाट विश्वकपमा गोल गर्ने पहिलो खेलाडीसमेत बने । कोलम्बियाका लागि तेस्रो गोल इन्जुरी समयमा काम्पाजले गरेका थिए ।योसँगै समूह 'के'मा कोलम्बोले महत्वपूर्ण तीन अंक हासिल गर्दै क्वार्टरफाइनल सम्भावना बलियो बनायो । उज्वेकिस्तानले भने डेब्यु विश्वकप हारबाट सुरू गरेको छ ।

राति नै भएको समूहको अर्को खेलमा १-१ को बराबरी खेलेका पोर्चुगल र डिआर कंगोले समान एक अंक जोडेका छन् । क्यानडाको टोरेन्टोमा भएको खेलमा घानाले पानामालाई १-० ले हरायो । खेलको इन्जुरी समयमा घानाका कालेव यिरेन्क्यीले गरेको गोल नै निर्णायक बन्यो ।

समूह 'एल'को अर्को खेलमा इंग्ल्यान्डले क्रोएसियालाई ४-२ ले हरायो । इंग्ल्यान्डको जितमा कप्तान ह्यारी केनले दुई गोल गरे । जुड वेलिंघम र मार्कोस रसफोर्डले समान एक गोल गरेका छन् । दुई गोलसँगै केनले फिफा विश्वकपमा आफ्नो गोलसंख्या १० पुऱ्याए । जितपछि इंग्ल्यान्ड र घानाको सामान तीन अंक छ । गोलअन्तरमा अघि रहँदा इंग्ल्यान्ड शीर्ष स्थानमा रह्यो । पानामा र क्रोएसियाले भने पहिलो खेलमा अंक जोड्न सकेनन् ।

# स्पेनलाई रोकेपछि हिरो बनेका भोजिन्हा



धेरैलाई लागेको थियो स्पेनले नवप्रवेशी भार्डमाथि गोलको वर्षा गर्नेछ । अघिल्लो दिन चारपटकको विजेता जर्मनीले कुराकाओमाथि ७-१ को सानदार जित निकालेपछि स्पेनले पनि यस्तै नतिजा निकाल्ने अनुमान गरिसकेको थियो । पहिलोपटक विश्वकपमा स्थान बनाएको भार्डे प्रतियोगितामा कम रेटिङ परेको राष्ट्र थियो । यसको विपरीत स्पेनलाई उपाधि दाबेदार टोलीको वर्गमा थियो । फुटबल विश्लेषकहरूले यसैकारण स्पेनसँगको खेलमा भार्डेले खराब नतिजा व्होर्नेछ ।

निर्धारित तथा इन्जुरी समय सकिँदा मैदानमा प्रतिस्पर्धामा एक खेलाडी हिरो भए । जसको चर्चा अहिले विश्वभरिका चर्चित अन्तर्राष्ट्रिय मिडियाहरूले गर्दै थाकेका छैनन् । अमेरिकाको एटलान्टा रंगशालामा भार्डका ४० वर्षीय गोलरक्षक भोजिन्हाले स्पेनविरुद्ध अस्वाभाविक प्रदर्शन गरेका थिए । खेल सकिएपछि रंगशालामा उपस्थित भएका सबै मिडियाहरूले उनीतर्फ फोकस बनाए । मिडियाकर्मी अगाडि पुग्दा उनको आँखा रसाएको थियो । स्पेनजस्तो बलियो राष्ट्रविरुद्ध सानदार प्रदर्शन गरेपछि भोजिन्हा हिरो नै बने ।

उनी हिरो हुनुका कारण छ । त्यत्तिकै यस्तो दर्जा दिइएको होइन । उनले फुटबलको सबैभन्दा ठूलो प्रतियोगितामा स्पेनलाई हायलकायल बनाउँदै गोलरहित बराबरीमा रोक्न सफल भए । युरोपकै शक्तिशालीसँगै सन् २०२४ को युरो तथा सन् २०१० को विश्वकप विजेतासमेत रहेको स्पेनले गोलरक्षक भोजिन्हा विरूद्ध केही गर्न सकेन । खेल सकिँदा सबैभन्दा खुसी भार्डेका खेलाडी तथा समर्थक थिए । एक किसिमले गोलरहित नतिजा भार्डेको नजरमा अविस्मरणीय भने स्पेनका लागि खराब थियो । विश्वकपको डेब्यु खेलमै स्पेनलाई रोक्दै एक अंक बटुलेको भार्डेले ऐतिहासिक प्रदर्शन गरेको फुटबलविज्ञ बताउँछन् । हुन त प्रतिस्पर्धामा स्पेनले आफ्नो परिचित शैलीअनुरूप भार्डेविरूद्ध खेलेको थियो । लगभग खेल नियन्त्रणमा राखेको स्पेनले पहिलो हाफमा तीनवटा प्रस्ट गोल अवसर पाएको थियो । तर, उसका अगाडि चट्टानझैँ उभिएका गोलरक्षक भोजिन्हा थिए । भोजिन्हा ले दर्शनीय सेभ गरी स्पेनका स्ट्राइकरहरूलाई निराश बनाए ।

अझ, दोस्रो हाफमा स्पेनका चार गोल प्रयासलाई भोजिन्हा ले विफल बनाए । यसै अकल्पनीय प्रदर्शनका कारण उनी खेलकै म्यान अफ दी म्याचसमेत भए । म्याच रेफ्रीले अन्तिम हिबसल फुक्दा भार्डेका सबै खेलाडी खेलकै नायक ठहरिएका भोजिन्हा लाई अंकमाल गर्दै खुसी मनाए । उनी पनि साथीहरूसँग स्पेनलाई हराएकै जस्तै बर्डिल्यांग्वेजमै हर्षित मुद्रामा देखिए । उनले संक्षिप्तमा भनेका छन्, 'यो प्रदर्शन एक किसिमको पागलपन हो । यसलाई क्रेज भन्छु ।'

चालू विश्वकपकै सबैभन्दा पाका गोलरक्षक र खेलाडीका रूपमा भोजिन्हा हुन् । भार्डेले आफ्नो देशमा पनि चर्चित खेलाडीमै पर्छन् । उनी सबै सोसल मिडियामा सक्रिय छन् । प्रत्येक खेलको भोजिन्हा पोस्ट गर्छन् । सकेसम्म उनी रिप्लाई दिन्छन् । नभए फुर्सदमा त्यसको प्रतिक्रिया दिने बानी भोजिन्हा को छ । स्पेनविरूद्धको खेलअगाडि उनको इन्स्टाग्राममा ४५ हजार फलोअर्स थिए । स्पेनसँगको खेल सकिएपछि केही घण्टाभित्र उनको फलोअर्समा बाढी नै आयो । अहिलेसम्म उनको फलोअर्स ७.५ मिलियन पुगिसकेको छ । अहिले यो रोकिने वाला छैन । सोसल मिडियामा आएका कमेन्ट्समध्ये उनलाई बहादुर गोलरक्षक भनेका छन् । 'सिंगो स्पेनविरुद्ध एक्लो खेलाडी पहाडझैँ उभिए । युरो तथा विश्वकप विजेताले भोजिन्हा को जीवनकै उत्कृष्ट खेलाडीअगाडि घुँडा टेकेको छ,' भोजिन्हा को प्रशंसा गर्दै लेखिएको कमेन्ट्स यस्तो छन् ।

कर्पोरेट

## ● कुमारी बैंकले पायो प्लाटिनम अवार्ड

कुमारी बैंकले प्लाटिनम अवार्ड जितेको छ । बैंकले अन्तर्राष्ट्रियस्तर अवार्डको प्रतिष्ठित 'इन्फोसिस फिनाकल इनोभेसन अवार्डस–२०२६' अन्तर्गत व्यावसायिक मोडेल नवप्रवर्तनतर्फ प्लाटिनम अवार्ड प्राप्त गरेको हो । यो सम्मान बैंकले कार्यान्वयन गरेको ग्राहक पहिचान तथा अनुपालन प्रक्रियासम्बन्धी उल्लेखनीय पहलका लागि प्रदान गरिएको बताइएको छ । इन्फोसिस फिनाकलद्वारा प्रत्येक वर्ष आयोजना गरिने यो अवार्ड कार्यक्रम विश्वभरका बैंक तथा वित्तीय संस्थाका उत्कृष्ट नवप्रवर्तन र रूपान्तरणका अभ्यासको कदर गर्न सञ्चालन हुँदै आएको छ । यस वर्ष नौ विधामा पाँच सयभन्दा बढी आवेदन परेका थिए । जसबाट कुमारी बैंकले आफ्नो केवाइसी कार्यप्रवाह अनुपालन प्रणालीमार्फत उत्कृष्ट प्रदर्शन गर्दै प्लाटिनम सम्मान प्राप्त गरेको हो ।

उक्त प्रणालीले ग्राहक पहिचान प्रक्रियालाई छरितो, सुरक्षित र प्रभावकारी बनाउनुका साथै नियामकीय मापदण्डहरूको कडाइका साथ पालना गर्न सहयोग पुर्‍याएको बताइएको छ । साथै, डिजिटल प्रविधिको उपयोगमार्फत सेवा प्रवाहलाई थप पारदर्शी र भरोसायोग्य बनाउन योगदान पुगेको बैंकले जनाएको छ । 'यस अन्तर्राष्ट्रिय सम्मानसँगै बैंकले नवप्रवर्तनमार्फत सुरक्षित, भरपर्दो र ग्राहककेन्द्रित बैंकिङ सेवा प्रदान गर्ने आफ्नो प्रतिबद्धता थप सुदृढ बनाएको छ,' बैंकले भनेको छ ।

## ● प्रहरी कार्यालयलाई मुक्तिनाथ विकास बैंकको सहयोग सामग्री

मुक्तिनाथ विकास बैंकले विभिन्न जिल्लाका प्रहरी कार्यालय, इलाका प्रहरी तथा ट्राफिक प्रहरी कार्यालयलाई आवश्यक पर्ने कार्यालय सामग्री सहयोग गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत समुदायको सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी र सहज बनाउन उक्त सहयोग गरेको बताइएको छ ।

बैंकले दाङको घोराही, धादिङ, काँकडभिट्टा र झापाका जिल्ला प्रहरी कार्यालय तथा र बाँकेको साईगाउँ प्रहरी चौकीलाई कम्प्युटर, फर्निचर तथा कार्यालय सामग्री हस्तान्तरण गरेको हो । साथै, ट्राफिक जिल्ला प्रहरी कार्यालय बर्दिया, गुलरियालाई रोड डिभाइडर र सचेतनामूलक बोर्ड सहयोग गरेको छ । उक्त सहयोगले प्रहरी कार्यालयको प्रशासनिक कार्यसम्पादन, अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । बैंकका अनुसार स्थानीय आवश्यकता र समुदायको हितलाई केन्द्रमा राखेर सञ्चालन गरिएका यस्ता कार्यक्रममार्फत सामाजिक विकास, सुशासन तथा सार्वजनिक संस्थाको क्षमता अभिवृद्धिमा योगदान पुग्नेछ ।

## ● राष्ट्रिय वाणिज्य बैंक एनसिएचएलको इएफटीमा आबद्ध

नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल) को सहकार्यमा राष्ट्रिय वाणिज्य बैंकले ई-कमर्स कारोबारमा थ्रिडी सेक्योर एसिएस सेवा सुरु गरेको छ । यो सेवासँगै बैंकका डेबिट र क्रेडिट कार्डहोल्डरले थप सुरक्षित तरिकाले ई-कमर्स कारोबार गर्न सक्ने भएका हुन् ।

बैंकका अनुसार यो सेवा ई-कमर्स कारोबार गर्दा थप सुरक्षित तरिकाले भेरिफिकेसन गर्न तथा ग्राहकको पहिचान तथा ओटिपी पुष्टि गर्ने एक सुरक्षित माध्यम हो । उक्त सेवा प्रयोग गर्नका लागि बैंकका कार्डहोल्डरले आफ्नो कार्डमा एकपटक उक्त फिचर सुरू गरेको हुनुपर्नेछ । बैंकको यो पहलले बढ्दो ई-कमर्स कारोबारलाई अझ सुरक्षित बनाउनुका साथै ग्राहकलाई अनलाइन कारोबार गर्न थप प्रोत्साहन गर्ने बैंकको विश्वास रहेको छ ।

एनसिएचएल-इएफटी सेवाअन्तर्गत एसिएसका साथै विभिन्न नेटवर्क स्किमका कार्ड जारी गर्ने, कारोबार प्राप्ति, प्रोसेसिङ तथा सेटलमेन्ट, ई-कमर्स पेमेन्ट गेटवे, कार्डजस्ता सेवा आफ्ना सदस्य बैंक वित्तीय संस्थालाई प्रदान गर्दै आएको छ । हाल राष्ट्रिय वाणिज्य बैंकका साथै एभरेष्ट, मुक्तिनाथ विकास, गरिमा विकास, महालक्ष्मी विकास, सिटिजन्स बैंक, लक्ष्मी सन्राइज बैंक एनसिएचएलको एसिएस सोलुसनमार्फत ई-कमर्स कारोबार गर्न सकिन्छ । साथै, माछापुच्छे, प्रभु, प्राइम कमर्सियल, सिद्धार्थ, ज्योति विकास, लुम्बिनी विकास, सांग्रिला डेभलपमेन्ट बैंकलगायतका संस्थाका कार्ड पनि एसिएस सोलुसनमार्फत कारोबार गर्न सकिने व्यवस्था गरिएको छ ।

## ● कुमारी क्यापिटलका कर्मचारीलाई सम्पत्ति शुद्धीकरणसम्बन्धी तालिम

कुमारी क्यापिटलका कर्मचारीलाई सम्पत्ति शुद्धीकरण (एएमल) तथा आतंकवादमा वित्तीय लगानी निवारण (सिएफटी)सम्बन्धी तालिम दिइएको छ । एएमएल नेपालको आयोजनामा कुमारी क्यापिटलका कर्मचारीलाई धितोपत्र बजारकेन्द्रित एकदिने एएमएल-सिएफटी तालिम सम्पन्न गरिएको हो ।

कार्यक्रमको मुख्य उद्देश्य धितोपत्र बजार, विशेषगरी मर्चेन्ट बैंकिङ व्यवसायमा एएमएल-सिएफटीसम्बन्धी व्यावहारिक ज्ञान, नियामकीय दायित्व तथा अनुपालन क्षमताको अभिवृद्धि गर्नु रहेको बताइएको छ । अन्तर्राष्ट्रिय एएमएल-सिएफटी अवधारणा, नेपालको कानुनी तथा नियामकीय व्यवस्था, धितोपत्र बोर्ड नेपालको निर्देशनअनुसार बजार मध्यस्थकर्ताको भूमिका तथा जिम्मेवारीका साथै मर्चेन्ट बैंकरहरूको व्यावहारिक अनुपालन अपेक्षालगायतका विषयमा प्रस्तुति दिइएको थियो ।

तालिमको सहजीकरण श्रीधर अधिकारी र लेखनाथ पोखेलले गरेका थिए । कार्यक्रममा सहभागीले धितोपत्र बजारमा देखिएका वास्तविक अनुपालन चुनौती तथा उत्कृष्ट अभ्यासबारे छलफल गरेका थिए ।

## ● सिटिजन्स सदाबहार योजनाको सबै सेवा अनलाइनमार्फत

सिटिजन्स म्युचुअल फन्डअन्तर्गत सञ्चालित खुलामुखी योजना 'सिटिजन्स सदाबहार योजना'को अनलाइन दर्ता तथा कारोबार प्रणाली सोमबारदेखि सञ्चालनमा आएको छ । सिटिजन्स क्यापिटल लिमिटेड योजना व्यवस्थापक तथा डिपोजिटरी र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड कोष प्रवर्द्धक रहेको योजनाअन्तर्गत लगानीकर्तालाई थप सहज, छिटो तथा प्रविधिमैत्री सेवा प्रदान गर्ने उद्देश्यले सेवा सञ्चालनमा ल्याइएको बताइएको छ ।

योजनामा आबद्ध हुन इच्छुक लगानीकर्ताले अब डिजिटल माध्यमबाट योजनासँग सम्बन्धित विभिन्न सेवा सहज रूपमा प्राप्त गर्न सक्नेछन् । यस प्रणालीले लगानी प्रक्रियालाई थप सरल, सुरक्षित तथा प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

लगानीकर्ताले योजनाको एकाइ खरिदका लागि आवेदन तथा रकम भुक्तानी, एसआइपीमा दर्ता, एसआइपी किस्ता भुक्तानी, लाभांश पुनः लगानी योजनाजस्ता सुविधा अनलाइनमार्फत नै लिन सक्नेछन् । कार्यालय समय वा भौगोलिक दूरीको सीमाविना जहाँसुकैबाट सहज रूपमा योजनासम्बन्धी सेवा प्राप्त गर्न सकिने बताइएको छ । साथै, लगानी प्रक्रिया थप छिटो, सुरक्षित, पारदर्शी तथा प्रयोगकर्तामैत्री बन्ने अपेक्षा गरिएको छ ।

सिटिजन्स क्यापिटल लिमिटेडले डिजिटल वित्तीय सेवाको विस्तार, लगानीकर्ताको पहुँच अभिवृद्धि तथा पुँजी बजारमा सहभागिता बढाउने आफ्नो रणनीतिअनुरूप यो प्रणाली सञ्चालनमा ल्याएको हो । कम्पनीले आगामी दिनहरूमा समेत प्रविधिमार्फत लगानीकर्तालाई थप नवीन, सहज तथा गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता जनाएको छ । यो सिटिजन्स बैंक इन्टरनेसनलको सहायक कम्पनी हो ।

## ● सिन्धु विकास बैंक र शिर मेमोरियलबिच छुट सम्झौता

सिन्धु विकास बैंक र शिर मेमोरियल एड्भेन्टिस्ट अस्पतालबिच बैंकका कर्मचारी तथा ग्राहकलाई सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउने सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशकुमार केसी तथा अस्पतालका प्रमुख प्रशासनिक अधिकृत सूर्यप्रभा शाक्यले हस्ताक्षर गरेका हुन् । यसअनुसार बैंकका कर्मचारी तथा खातावालाले अस्पतालबाट प्रदान गरिने विभिन्न स्वास्थ्य सेवामा विशेष छुट तथा सहुलियत प्राप्त गर्नेछन् । दुवै संस्थाले यस सहकार्यबाट गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार हुनुका साथै कर्मचारी तथा ग्राहकको स्वास्थ्य सुरक्षामा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् ।

बैंक र अस्पतालबिच भएको यस सम्झौताबाट सेवाग्राहीले प्रत्यक्ष लाभ प्राप्त गर्ने अपेक्षा गरिएको छ । बैंकले ग्राहककेन्द्रित सेवा प्रवाह तथा सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै विभिन्न क्षेत्रसँग सहकार्य गर्दै आएको जनाएको छ ।

## ● ग्लोबल आइएमईको सञ्चालक सदस्यमा भट्टराई

ग्लोबल आइएमई बैंकको सञ्चालक समिति सदस्यमा बिन्दा हाडा भट्टराई नियुक्त भएकी छिन् । शुक्रबार बसेको बैंक सञ्चालक समितिको बैठकले भट्टराईलाई रिक्त रहेको स्वतन्त्र महिला सञ्चालक पदमा नियुक्त गर्ने निर्णय गरेको हो ।

नवनियुक्त सञ्चालक भट्टराईलाई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले स्वागत गरे । नवनियुक्त सञ्चालक भट्टराईसँग सार्वजनिक प्रशासन, सुशासन र विकास व्यवस्थापनको क्षेत्रमा साढे तीन दशकभन्दा लामो अनुभव छ ।

पूर्वसचिवसमेत रहेकी भट्टराईले सिँचाइ मन्त्रालय, नेपाल ट्रस्टको कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय सूचना आयोग, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा काम गरिसकेकी छिन् ।

त्रिभुवन विश्वविद्यालयबाट रसायनशास्त्र र जनप्रशासनमा स्नातकोत्तर तथा कानुनमा स्नातक गरेकी भट्टराईले अमेरिकाको युनिभर्सिटी अफ नर्थ क्यारोलिनाबाट पब्लिक पोलिसी (ट्रेड एन्ड फाइनान्स) र ड्युक युनिभर्सिटीबाट ननप्रफिट म्यानेजमेन्टमा उच्च शिक्षा हासिल गरेकी छिन् ।

## ● २६औँ वर्षमा आइएमई, नयाँ लोगो सार्वजनिक

रेमिट्यान्सको पर्यायवाची बनेको 'आइएमई'ले स्थापनाको २६औँ वार्षिकोत्सव शुक्रबार मनाएको छ । वार्षिकोत्सवका अवसरमा आयोजित अन्तरकम्पनी खेलकुद तथा विभिन्न प्रतिस्पर्धाका विजेता र उपविजेतालाई प्रमाणपत्र, मेडल र ट्रफी प्रदान गरिएको छ । साथै, लामो समयदेखि कम्पनीमा आबद्ध कर्मचारीलाई विशेष सम्मानसमेत गरिएको जनाइएको छ । सोही अवसरमा आइएमईको नयाँ लोगोसमेत सार्वजनिक गरिएको छ । नयाँ लोगोले आइएमईका विस्तारित वित्तीय सेवालाई प्रतिनिधित्व गर्ने जनाइएको छ । कम्पनीका संस्थापक तथा अध्यक्ष हेमराज ढकालले वित्तीय समावेशिता र आर्थिक रूपान्तरणलाई मूल मन्त्र बनाउँदै डिजिटल इनोभेसनमार्फत एकीकृत वित्तीय सेवा प्रदान गर्न दृढ संकल्पित रहेको बताए । उनले वैदेशिक रोजगारीमा रहँदा भोगेका अनुभवबाट जन्मिएको सानो परिकल्पना आज रेमिट्यान्स सेवा मात्र नभई समग्र वित्तीय तथा डिजिटल भुक्तानी प्रणालीको एक भरपर्दो र अभिन्न अंग बन्न सफल भएको समेत स्मरण गरे ।

त्यसैगरी, आइएमईका संस्थापक तथा ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले २६ वर्षको यात्रामा 'रेमिट भनेकै आइएमई' र 'आइएमई भनेकै रेमिट' भन्ने पहिचान स्थापित हुनु गर्वको विषय भएको बताए । उनले रेमिट्यान्सलाई औपचारिक प्रणालीमार्फत भित्र्याउने, विदेशी मुद्रा सञ्चिति सुदृढ बनाउन योगदान गर्ने तथा प्राप्त विप्रेषणलाई उत्पादनशील क्षेत्रमा प्रवाह गरी राष्ट्रिय अर्थतन्त्रलाई गतिशील बनाउन सरकारसँग निरन्तर सहकार्य गर्ने विश्वास दिलाए । त्यसैगरी, आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत दिवाकर पौडेलले सहकार्य, प्राविधिक उत्कृष्टता, व्यावसायिक नैतिकता तथा साझा मूल्य-मान्यतालाई मुख्य कार्यदिशा बनाई आइएमईले सेवा प्रवाह गरिरहेको बताए ।

## ● सिद्धार्थ बैंकलाई गोल्ड अवार्ड

सिद्धार्थ बैंकले अन्तर्राष्ट्रियस्तरको प्रतिष्ठित अवार्ड प्राप्त गरेको छ । बैंकले इन्फोसिस फिनाकल इनोभेसन अवार्ड–२०२६ अन्तर्गत 'म्याक्सिमाइजिङ कस्टमर इन्गेजमेन्ट डिजिटल फर्स्ट बैंकिङ' विधामा गोल्ड अवार्ड पाएको हो । विश्वभरका बैंक तथा वित्तीय संस्थाले प्रविधि, नवप्रवर्तन तथा ग्राहक अनुभव अभिवृद्धिका क्षेत्रमा गरेका उत्कृष्ट अभ्यासको मूल्यांकन गरी प्रदान गरिने उक्त अवार्डले बैंकको डिजिटल बैंकिङ क्षेत्रप्रतिको निरन्तर प्रतिबद्धता, ग्राहककेन्द्रित सेवा तथा उत्कृष्ट ग्राहक अनुभव प्रदान गर्ने प्रयासलाई अन्तर्राष्ट्रियस्तरमा सम्मान गरेको बताइएको छ ।

बैंकले ग्राहकलाई सहज, सुरक्षित तथा आधुनिक बैंकिङ अनुभव प्रदान गर्ने उद्देश्यले विभिन्न डिजिटल सेवाको विस्तार गर्दै आएको छ । मोबाइल बैंकिङ, क्युआर भुक्तानी, क्युआर कर्जा, भर्चुअल क्रेडिट कार्ड, डिजिटल खाता सञ्चालनलगायतका सेवामार्फत ग्राहकलाई छिटो, सरल र सुविधाजनक बैंकिङ सेवा उपलब्ध गराउने बैंकको प्रयासलाई उक्त अवार्डले थप साहस र ऊर्जा प्रदान गरेको जनाइएको छ ।

## ● सुरक्षित समाज निर्माणमा मुक्तिनाथ विकास बैंकको सहयोग

मुक्तिनाथ विकास बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) कार्यक्रमअन्तर्गत विभिन्न जिल्लाका प्रहरी तथा ट्राफिक प्रहरी कार्यालयलाई आवश्यक कार्यालय सामग्री तथा सडक सुरक्षा उपकरण सहयोग गरेको छ। बैंकले समुदायको सुरक्षा, सुशासन र सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी तथा व्यवस्थित बनाउने उद्देश्यले उक्त सहयोग उपलब्ध गराएको जनाएको छ।

यसअन्तर्गत बैंकले नेपाल प्रहरीअन्तर्गतका विभिन्न कार्यालयलाई कम्प्युटर, फर्निचर तथा कार्यालय सञ्चालनमा आवश्यक सामग्री हस्तान्तरण गरेको छ। सहयोग प्राप्त गर्ने कार्यालयहरूमा जिल्ला प्रहरी कार्यालय घोराही दाङ, जिल्ला प्रहरी कार्यालय धादिङ, बाँकेको साईगाउँ प्रहरी चौकी तथा जिल्ला प्रहरी कार्यालय काँकडभिट्टा झापा रहेका छन्।

त्यसैगरी, ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन ट्राफिक जिल्ला प्रहरी कार्यालय बर्दिया, गुलरियालाई रोड डिभाइडर तथा सचेतनामूलक बोर्डसमेत उपलब्ध गराइएको बैंकले जनाएको छ।

बैंकका अनुसार उक्त सहयोगले प्रहरी कार्यालयहरूको प्रशासनिक कार्यसम्पादन, अभिलेख व्यवस्थापन तथा नागरिकलाई प्रदान गरिने सेवा प्रवाहलाई थप व्यवस्थित, छिटोछरितो र प्रभावकारी बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ।

मुक्तिनाथ विकास बैंकले स्थानीय आवश्यकता र समुदायको हितलाई केन्द्रमा राखेर यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ। बैंकका अनुसार सामाजिक विकास, सुशासन प्रवर्द्धन तथा सार्वजनिक संस्थाहरूको क्षमता अभिवृद्धिमा योगदान पुर्‍याउने उद्देश्यले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## ● नबिल र धुलिखेल अस्पतालबिच साझेदारी

नबिल बैंक र धुलिखेल अस्पतालबिच अत्यावश्यक स्वास्थ्य सेवा सुदृढीकरण एवं पुनर्स्थापना सेवाका लागि रणनीतिक साझेदारी गर्न हस्ताक्षर भएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवाली र धुलिखेल अस्पतालका प्रशासनिक निर्देशक डा. विराजमान कर्माचार्यले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् ।

नेपालमा विशेषगरी जलनको उपचार, पुनर्स्थापनामा सहयोग र डायलाइसिस सेवाको पहुँच र गुणस्तरीय स्वास्थ्य सेवाको बढ्दो आवश्यकतालाई मनन गर्दै दुवै पक्ष यस क्षेत्रमा सहकार्य गर्ने सम्झौतापत्रमा उल्लेख छ । सम्झौता तीन वर्षसम्म लागू हुने बैंकले जनाएको छ । दुई पक्षबिच भएको सम्झौताअनुसार धुलिखेल अस्पतालमा १० शड्ढयाको सघन जलन उपचारकक्ष स्थापना गरिनेछ । साथै, अस्पताल व्यवस्थापनको नेतृत्वमा अन्य प्रदेशहरूमा पनि यस्तै सुविधा विस्तार गरिने बताइएको छ ।

यसका साथै बैंकले दुईवटा कृत्रिम अंग जडान तथा पुनर्स्थापना सेवा एकाइ स्थापना गर्न र डायलाइसिस सेवालाई थप सुदृढ बनाउन पनि ६ करोड सहयोग गरेको हो । बैंकका अध्यक्ष निर्वाणकुमार चौधरीले नबिल बैंक र धुलिखेल अस्पतालबिचको सहकार्यले सार्थकता पाउने विश्वास व्यक्त गरे । सिइओ ज्ञवालीले यस साझेदारीमार्फत समग्र मुलुक र विशेषगरी गरिब तथा सीमान्तकृत समुदायका बिरामीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नेमा विश्वास व्यक्त गरे ।

## ● विष्णुपुर गाउँपालिकाबाटै करदाता सेवा सुरु

सप्तरीको विष्णुपुर गाउँपालिकाले आफ्नै कार्यालयबाट करदाता सेवा सञ्चालनमा ल्याएको छ। यसअघि करदाता सेवा कार्यालय राजविराजबाट प्रदान हुँदै आएका सेवाहरू अब विष्णुपुर गाउँपालिकाको कार्यालयबाटै उपलब्ध हुन थालेका छन्। सेवा सञ्चालनमा आएपछि गाउँपालिकावासीले करसम्बन्धी कामका लागि सदरमुकाम राजविराज धाउनुपर्ने बाध्यताको अन्त्य भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत उज्वल आनन्दले जानकारी दिए। उनका अनुसार अब गाउँपालिकाबाटै व्यावसायिक प्यान, व्यक्तिगत स्थायी लेखा नम्बर (प्यान) तथा कर चुक्ता प्रमाणपत्रलगायतका महत्वपूर्ण सेवाहरु सहज रूपमा प्राप्त गर्न सकिनेछ।

यस सेवाले स्थानीय बासिन्दाको समय र खर्च बचत हुनुका साथै करसम्बन्धी सेवा प्रवाहलाई थप सहज र प्रभावकारी बनाउने अपेक्षा गरिएको गाउँपालिकाले जनाएको छ।

## बालेन सरकारका...

फाइल खोलिन्छ भन्दै धम्कीको भाषा प्रयोग गरेर विवादमा परेका थिए फाइल खोल्ने धम्की दिएका अर्थमन्त्रीले अहिलेसम्म किन फाइल खोलेनन् त ? यसको जवाफ प्रधानमन्त्रीले दिने कि अर्थमन्त्रीले वाग्लेले ? मन्त्रीहरु भनेका प्रधानमन्त्रीका सहयोगीमात्र हुन् ।

उनीहरु प्रत्यक्ष रूपमा प्रधानमन्त्री र अप्रत्यक्ष रूपमा संसदप्रति उत्तरदायी हुन्छ यदि लोकतान्त्रिक पद्धति हो भने प्रधानमन्त्री जो भयो उसकै सरकार भनिन्छ त्यसैले गर्दा प्रधानमन्त्रीले राजिनामा दिँदा मन्त्रीहरुले राजिनामा दिनु पर्दैन उनीहरु स्वतः पदमुक्त हुन्छन् भने मन्त्रीले राजिनामा दिँदा प्रधानमन्त्रीले राजिनामा दिनुपर्दैन त्यसैले प्रधानमन्त्रीय पद्धति भनिएको हो ।

पछिल्लो समयमा भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालका अभिव्यक्तिहरु समेत अमर्यादित र धम्कीपूर्ण रहेका छन् । कानून भन्दा माथि मन्त्रीका बोली हुन सक्दैनन् । कानून भन्दा माथि मन्त्रीको बोली, विधि पन्छाएर धम्कीको भाषा प्रयोग गरिरहेका छन् । के मन्त्रीलाई कानून लाग्दैन ? मन्त्रीहरु कानून भन्दा माथि छन् त ? अब यस विषयमा प्रधानमन्त्री साह बोल्नैपर्दछ । सुनिल लम्साल प्रधानमन्त्री साहपक्षकै उनैका सहयोगी रहेकै कारण साहले उनलाई महत्वपूर्ण मन्त्रालयको जिम्मेवारी दिएका हुन् ।

हाल नागढुँगा-मुग्लिन सडक आयोजनाको अनुगमनका क्रममा (जेष्ठ २१ गते) काम नगर्ने ठेकेदारलाई खुट्टा भाँचि दिनुपर्ने अभिव्यक्ति दिएका छन् । विजुलीका पोल सार्ने कन्ट्र्याक्टर धर्तीमा कहाँ छ खोजेर यहि राख्नुहोस्, काम गर्दैन भने खुट्टा भाँचिदिनु मतलब भएन भनेर भने के यो अभिव्यक्ति मन्त्रीका लागि सुहाउने शब्द हो ? अहिले यो भिडियो सार्वजनिक भएको छ । के यो आदेश कानून बमोजिम छ त ? ठेकेदारहरुलाई प्रहरी लगाएर आफ्नो मन्त्रालयमा हाजिर गराउन आदेश केही समय अघि मन्त्री लम्सालले दिएका थिए । यस्ता कार्यमा मन्त्रिपरिषद्मा रहेका लामिछाने पक्षका भन्दा प्रधानमन्त्री साह पक्षकै व्यक्तिहरु लागेका हुनाले प्रधानमन्त्री साह मौन रहेका छन् ।

रास्वपाकै सांसदहरुले समेत सडक निर्माणको ठेक्का लिएर सडक बनाएका छैनन् तर उनीहरुले मोविलाइजेशन भनेर ठुलो मात्रामा कार्यालयबाट पेश्की लिएका छन् त्यसको ज्वलन्त उदाहरण हो रास्वपाको निर्वाचित सांसदतर्फ तैफिक खानका हकमा पनि यस्तै हुन्छ त मन्त्री ज्यू ? खानले बुटवलको साढे २ किलोमिटर सडक निर्माणको जिम्मा लिएर अलपत्र पारेका छन् । उनी रूपन्देही ५ बाट निर्वाचित भएका थिए । यसरी ठेकेदार र जनतालाई तर्साउनेहरुमा रवि पक्षका मन्त्री, सांसद भन्दा प्रधानमन्त्री साह पक्षकै व्यक्तिहरु लागि परेका हुनाले रास्वपा पनि छोटो समयमै बदनाम हुँदै गएको छ । रास्वपाभित्र अहिले लामिछाने पक्ष र साह पक्ष गरी २ गुटको जन्म भएकोले गर्दा रास्वपाभित्र खिचडी पाकिरहेको जस्तो देखिएको छ ।

त्यसको प्रत्यक्ष प्रमाण हो रास्वपाको जिल्ला, प्रदेशको निर्वाचनमा देखिएको गुटबन्दी, रास्वपाको प्रदेश र जिल्ला नेतृत्वमा रवि पक्षनै हावी भएकोले गर्दा प्रधानमन्त्री साह पक्ष सरकारमा हावी भएको र गृहमन्त्री सुधन गुरुङ समेत साह पक्षकै रहेकाले गर्दा रास्वपा लामो समयसम्म पार्टीगत रूपमा एक रहन सक्ने सम्भावना देखिँदैन । मन्त्रीहरु कानून भन्दा माथि हुन खोज्ने प्रवत्ति कानून भन्दा बाहिर गएर अभिव्यक्ति दिने मन्त्रीहरुलाई तत्काल बर्खास्त गरेर कानूनी शासन कायम गराउन नसकेको खण्डमा बालेन सरकारको औचित्य छिट्टै समाप्त हुने निश्चित रहेको छ ।

## कांग्रेसभित्रको...

१५ औं महाधिवेशनमा सहभागि गराउने कि नगराउने भन्ने विषयमा थापा र देउवा पक्षबीचमा विवादमा कायम रहेकाले देउवा पक्ष र शेखर कोइराल पक्षले छुट्टै भेला बोलाउन थालेका छन् । सभापति थापा पक्षले पछिल्लो समयमा सदस्यता नविकरण गर्नुपर्ने भन्दै सदस्यता नविकरणको कार्य सुरु गरेको र अहिले सो कार्यको मिति समाप्त भएको भएपनि देउवा पक्षका शिर्ष नेताहरु र कोइराला पक्ष थप दवावमा परेको छ ।

देउवा पक्षका नेताहरुले गत पुषमा नै सदस्यता नविकरण गरिसकेकाले अहिले सदस्यता नविकरण गर्नुपर्ने अडान लिएका छन् भने १५औं महाधिवेशनमा पनि गत पुससम्म सदस्यता नविकरण गरिसकेका व्यक्तिहरुलाई भाग लिन दिनुपर्ने माग थापा पक्षसँग गरेका छन् । तर थापा पक्षले पुस सम्मका नविकरण गरिसकेका सदस्यहरुलाई १५ औं महाधिवेशनमा सहभागि गराउँदा आफ्नो पक्षका नेताहरु सभापति उपसभापति, महामन्त्री सहितका अन्य पदमा उम्मेदवार बन्दा पराजित हुन सक्ने भन्दै पुषमा सदस्यता नविकरण गरिसकेको भएपनि अहिले फेरि डिजिटल रूपमा सदस्यताको रेकर्ड राखिने भन्दै सदस्यता अध्यावधिक गर्नुपर्ने निर्णय थापा सभापति भएपछि गरिएको थियो ।

सदस्यता नविकरण नगर्ने नेताहरुमा पूर्व सभापति शेरबहादुर देउवा, पूर्ण बहादुर खड्का, शेखर कोइराला, कृष्ण प्रसाद सिटौला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, शशांक कोइराला, बलबहादुर केसी, विजय गच्छदार, प्रकाश शरण महत, धनराज गुरुङ, बद्री पाण्डे, गोविन्द भट्टराई, ज्ञानेन्द्र बहादुर कार्की, एनपी साउद, आरजु राणा, रमेश लेखक, श्याम घिमिरे, महालक्ष्मी उपाध्याय, अम्बिका बस्नेत, वीरबहादुर बलायर, मोहन बस्नेत, उमाकान्त चौधरी, जितजंग बस्नेत, दिपक खड्का, कुन्दन काफ्ले लगायतका शिर्ष नेताहरु रहेका छन् भने जिल्ला र स्थानीय तहमा देउवा पक्षका नेताहरुले समेत नविकरण गरको छैनन् ।

## दशगजा...

सहित सहयोग गर्न सरकारले सक्छ । सरकार शक्तिशाली होइन जनता शक्तिशाली हुनुपर्दछ । सरकार उत्तरदायी जवाफदेही भएको खण्डमा मात्र जनताको हित हुन सक्छ भन्ने प्रमाण त विश्वका सरकारहरुले दिएका छन् । के हामी नेपाली जनता आज शक्तिशाली रहेका छौं ? के जनताको सेवाका लागि सरकार छ त ? अहिले जटिल प्रश्न भनेको यही हो ।

जनतालाई विभिन्न प्रलोभन देखाएर राजनीतिक दलहरुले आ आफ्नो पक्षमा पार्ने प्रयास गरिरहेका हुन्छन् । जनता त्यसरी विभाजित भएको खण्डमा सरकारलाई सरकार सञ्चालन गर्न सहज हुन्छ कि न कि जनताले एकजुट भएर आवाज उठाउन सक्दैनन् त्यसको फाइदा सरकारले उठाउने गरेको विश्व इतिहास रहेको छ ।

संविधान, कानून नागरिक अभिमत र इच्छाप्रति उत्तरदायी सरकार जनताको चाहना हो । जनताको मताहतको सरकार जनताले नियन्त्रण गर्न सक्ने लोकतान्त्रिक सरकार आजको आवश्यकता भएपनि अहिले त्यस्तो अवस्था देखिएको छैन । जनतालाई विभाजित गरेर सरकारमा बस्नेहरुले आ आफ्नो राजनीतिक स्वार्थ र पार्टीगत स्वार्थ पूरा गर्ने गरेका हुनाले जनताका राजनीतिप्रति आकर्षण बढ्न सकेको देखिँदैन ।

राजनीतिमा सक्रिय भएका व्यक्तिहरुले बाटो विराउँदाको सजायँ जनताले भोग्नुपर्ने बाध्यता जनतालाई रहेको छ । पछिल्लो समयमा रास्वपा नेतृत्वको बालेन सरकार गठन भएको १ सय दिन पुग्न लाग्दै गर्दा सरकारको चौतर्फी आलोचना हुन थालेको छ ।

प्रधानमन्त्री बालेन साहले भारतको भूमि नेपालले मिचेको छ भन्ने अभिव्यक्ति संसदको रोष्ट्रमबाट दिएपछि उनीप्रति जनताको अविश्वास बढ्दै गएकोले गर्दा प्रष्ट हुन्छ सरकार जनताप्रति उत्तरदायी छैन भनेर । प्रधानमन्त्री साहले अब नेपाली जनतालाई प्रष्ट पारिदिन पऱ्यो नेपालले भारतको भूमि कहाँ कहाँ मिचेको छ भनेर । दशगजाको भूमिलाई मिचिएको मानिँदैन । दुवै देशको सीमानाबाट विचमा पिलर गाढेर १०/१० गज जग्गा छुट्याइएको हुन्छ त्यसैलाई दशगजा भनिएको हो । त्यसलाई मिचिएको मानिँदैन । यस्तो गैरजिम्मेवारी अभिव्यक्तिले गर्दा नै दल र सरकारप्रति जनताको विश्वास घट्दै गएको हो भन्ने हेक्का प्रधानमन्त्री साह र रास्वपालाई होस् ।

## अमेरिका र...

म्याक्रोनले ताली बजाएका थिए । त्यसपछि इरानी राष्ट्रपति मसूद पेजेश्कियानले इरानबाटै इलेक्ट्रोनिक रूपमा सम्झौतामा हस्ताक्षर गरे ।

यो सम्झौताले इरानमा युद्ध र लेबनानमा द्वन्द्व अन्त्य गर्नेछ । साथै, होर्मुजको जलडमरूमध्य जलमार्ग पूर्ण रूपमा फेरि खोलिनेछ र अमेरिकाले अमेरिकी नौसैनिक नाकाबन्दी अन्त्य गर्नेछ । शान्ति सम्झौता आज शुक्रबार जेनेभामा हस्ताक्षर हुने भनिएको थियो तर एक दिन अगाडि नै फ्रान्समा हस्ताक्षर गरिएको छ ।

## राहदानी...

समयसीमा भित्र' उपस्थित हुन भनेको छ । तर पत्रिकामा प्रकाशित सूचनामा भने समयसीमा खुलाइएको छैन । यसअघि ती कम्पनी र सम्भौताका हस्ताक्षरकर्ता प्रतिनिधिहरुलाई इमेलमार्फत समेत जानकारी गराइसकेको सूचनामा उल्लेख रहेकाले सम्भवतः इमेलमा समयसीमा उल्लेख गरेको अनुमान गर्न सकिन्छ ।

अख्तियारले यो सार्वजनिक सूचनालाई बेवास्ता गरेर बयानका लागि उपस्थित नभएमा नेपालको प्रचलित कानूनबमोजिम थप कानूनी कारबाही अगाडि बढाइने स्पष्ट पारेको छ ।

नेपाल सरकारको महत्वपूर्ण र संवेदनशील मानिने विद्युतीय राहदानी सम्बन्धी खरिद प्रक्रियामा भएको भनिएको अनियमिततामा संलग्न भएको आरोपमा अख्तियारले राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल र निर्देशक सुनिल केसीलाई असार २ गते पक्राउ गरेको थियो ।

## प्रधानमन्त्री...

भएको छ । गुटगत राजनीतिकले गर्दा मुलुकमा स्थापित भएका ठुला दलहरु कांग्रेस, एमाले, माओवादी केन्द्र सहित मधेशवादी दलहरु पिडित भइसेको अवस्थामा अब त्यही रोग रास्वपाभित्र सरेको प्रष्ट भएको छ । सत्ता प्राप्ति पछि त्यस्ता रोग लाग्ने नेपालमा परमपरा नै रहेको छ ।

मन्त्रिपरिषद्भित्र बालेन साह पक्ष र सभापति रवि लामिछाने पक्ष भनेर मन्त्रीहरु चिनिने गरेका छन् । भाद्र २३ गते जेनजीहरुको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने सुधन गुरुङको विवादास्पद अभिव्यक्ति र उनी आफैँले विरोध प्रदर्शन गर्नु जिल्ला प्रशासन कार्यालय काठमाडौमा निवेदन दिएका हुनाले उनले किन आफू नेता नभएको र पानी बाँड्न मात्र आएका बताए अब त्यसको छानविन हुनुपर्ने कि नपर्ने ?

पानी बाँड्न आएको बताउने सुधन गुरुङ फागुन २१ गतेको निर्वाचनमा रास्वपाबाट निर्वाचित भएर सांसद मात्र बनेनन् उनी शक्तिशाली गृहमन्त्री समेत बने । तर सम्पत्ति शुद्धीकरणलगायत शेयरसम्बन्धी विवादमा उनी २६ दिनमै मन्त्री पदबाट राजिनामा दिन बाध्य भए । उनीमाथि अनुसन्धान गर्न बालेन सरकारले छानविन समिति बनायो समितिले उनलाई सफाई दियो त्यो समिति रेडिमेड समिति थियो । समितिको प्रतिवेदन आजसम्म सार्वजनिक गरिएको छैन र उनी फेरी गृहमन्त्रीमा नियुक्त भैसकेका छन् ।

प्रधानमन्त्री बालेन साह नेतृत्वको सरकारमा मन्त्री रहको महावी पुन बाहेकका सबै रास्वपाकै सांसद रहेकाले रास्वपाको एकमानाको सरकार रहेको छ । पुनलाई पनि रास्वपाले नै समर्थन गरेको र निर्वाचित भएका हुनाले पुनले रास्वपाकै लाइनमा काम गर्ने पक्कापक्की भएको छ । तर बालेन साहको बोली र कार्यशैली हेर्दा प्रश्न उठ्न सक्छ के यो रास्वपा नेतृत्वको सरकार हो त भनेर ? प्रधानमन्त्रीको कार्यशैलीबाट पार्टी सभापति रवि हायलकायल भएका छन् भने उनको निरिहता हेर्दै प्रष्ट हुन्छ ।

सरकार सञ्चालनको प्रमुख अभिभार प्रधानमन्त्रीकै हुन्छ तर अहिले प्रधानमन्त्री साह र सभापति बीचको सम्बन्धलाई लिएर प्रश्न उठ्न थालेको छ । गृहमन्त्री सुधनले कसरी र कसको स्वार्थमा प्रधानमन्त्री साह र पार्टी सभापति रविलाई मिलाउँदै आएको छन् ? उनको त्यो हैसियत कहाँबाट आयो ? पानी बाँड्न आएको बताउने गुरुङको त्यो हैसियत कसले बनाईदियो ? अहिले त्यसको खोजविन सुरु गर्नुपर्ने अवस्था देखिएको छ । भाद्र २३ र २४ गतेको घटनाको मुख्य योजनाकारहरु को-को हुन् उनीहरुमाथि कारबाही किन हुँदैन भन्ने प्रश्न टड्कारो रूपमा उठेको छ ।


# योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## रास्वपा...

कसरी पुनः गृहमन्त्रीमा नै नियुक्त भए ? यी सबै प्रश्नहरुको घेरामा गृहमन्त्री गुरुङ रहेका छन् ।

प्रधानमन्त्री बालेन साह जनतासामु जाँदैनन् कुनै अँध्यारो कोटामा बसेर स्टाटस लेख्छन् अनि संसदको रोष्ट्रममा उभिएर नेपालले पनि भारतको भूमि मिचेको मैले प्रधानमन्त्री भएपछि मात्र थाहा पाएँ भनेर उद्घोष गर्दछन् । अनि रास्वपाका सबै सांसदले प्रधानमन्त्री साहको भनाईलाई समर्थन गर्दै टेबल ठोक्छन् ढ्याप ढ्याप यिनीहरु जनताका सेवक हुन् कि बालेन साहका कार्यकर्ता ? मुलुकको भूमि भारतले मिचेको प्रष्ट भैसकेको अवस्थामा स्वयम् प्रधानमन्त्रीले नै सार्वभौमसत्ता सम्पन्न संसदमा उपस्थित भएर नेपालले पनि भारतको जमिन मिचेका छ भन्ने उद्घोष प्रधानमन्त्रीबाट हुँदासम्म त्यसको विरोध गर्न नसक्नु रास्वपाका सांसदहरु जनताका सेवा होइनन् बालेन साहका सेवक हुन् । रास्वपा पुराना दलको कार्यशैली र गलत संस्कारको विरोध गर्दै जन्मिएको पार्टी हो । तर उसले पूराना दलको भन्दा एक कदम अघि बढेर देश र जनताको हितविरूद्ध काम गर्न अग्रसर भएको छ भन्ने प्रमाण त प्रधानन्त्री साहले नै प्रष्ट पारिदिएको छ ।

रास्वपाको महाधिवेशनमा गुट उपगुट देखिएको छ । सांसदहरु नै गुट उपगुटमा विभाजित भएर आ आफ्नो पक्षलाई जिताउनका लागि परेका थिए । कतिपय ठाउँमा गुट उपगुटको विवादले रास्वपाको अधिवेशन नै स्थगित भएका छन् । यसरी छोटो समयमै त्यसबेलाको रवि लामिछानेले चलाएको टेलिभिजनको कार्यक्रमले गर्दा जन्मिएको पार्टी रास्वपा अब विस्तारै ढ्याप ढ्यापे पार्टीका रूपमा परिणत हुने निश्चित जस्तै भएको छ ।


# सन्तुलित जनसंख्या: विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## बालेनका...

जुन दिन म जिस्किन छाड्छु ।'

भावनात्मक भाषा प्रयोग गरेर तीन घण्टाभित्र प्रष्टोक्ति स्टाटस लेख्नुले उनी पहिलो स्टाटसको दवावमा परेको सहजै अनुमान लगाउन सकिन्छ । प्रधानमन्त्री साह धेरै स्टाटस लेख्ने र विपक्षीहरुले संसदमा प्रधानमन्त्रीको संसदमा उपस्थितिलाई संसद बैठक नै अवरोध गरिरहँदा पनि उनलाई संसद बैठकको अवरोधले छोएको थिएन । तर उनले पछिल्लो समयमा लेखेका दुई स्टाटसलाई चासोको रूपमा हेरिएको छ ।

प्रधानमन्त्रीले प्रष्टिकरण नै राख्नुपर्ने पहिलो स्टाटसमा लेखिएको थियो राति ८ : २० पोष्ट भएको थियो दुई प्रभावशाली मन्त्रीहरु सुधन गुरुङ र सुनिल लम्साललाई अंगालो हालेर क्याप्सनमा लेखिएको थियो पिएम, एमएम, आईएम देश बनाउने टोली भनेर । गुरुङ र लम्साल फागुन २१ गतेको निर्वाचन अघि नै बालेनसँग जोडिएका व्यक्ति हुन् ।

आफैँसँग रास्वपामा जोडिएका सुधन गुरुङ र लम्साललाई बालेनले महत्वपूर्ण मन्त्रालयको जिम्मेवारी दिएका छन् भने गुरुङलाई दोस्रो पटक गृहमन्त्रीमा नियुक्त गरेका छन् । विवादास्पद व्यक्तिसँग जोडिएका सूचना पछि गुरुङले राजिनामा दिएका थिए तर गुरुङलाई बचाउनैका लागि प्रधानमन्त्री बालेनले छानविन समिति बनाएर उनलाई चोख्याएर पुन गृहमन्त्री बनाएका छन् ।

मन्त्री लम्साल प्रभावशाली र सबैभन्दा महत्वपूर्ण मन्त्रालयको जिम्मेवारीमा रहेका भएपनि उनले हालै काम सम्पन्न नगर्ने ठेकेदारको खुट्टा भाँचिदिनुहोस् भन्दै जनतालाई आग्रह गरेका समाचारहरु प्रकाशित प्रसारित भएपछि लम्साल विवादको घेरामा तानिएका छन् ।

ठेकेदारले समयमै काम नगरेको खण्डमा कानूनी कारबाही गर्नुको बदला खुट्टा भाँचिदिनुहोस् भन्नु र कहिले ठेकेदारहरुलाई मन्त्रालयमा बोलाएर हप्कीदप्की गर्नुले मन्त्री लम्साल र बालेन सरकारको रणनीति के भन्ने प्रश्न समेत उठेको छ ।

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार